# निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरूको प्रोफाइल

## कर्णाली प्रदेश




नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

पुल्चोक, ललितपुर

२०७६

# कार्यकारी सारांश

यस केन्द्रको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देशका सात वटै प्रदेशमा रहेका निर्यातयोग्य, आयात प्रतिस्थापन एवं अन्तरप्रदेश व्यापार हुनसक्ने वस्तु तथा सेवाहरुको विस्तृत रुपमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्यक्रम बमोजिम कर्णाली प्रदेशको यो प्रतिवेदन तयार गरिएको छ ।

देशका सातवटै प्रदेश मध्ये कर्णाली प्रदेश आफ्नै छुट्टै संस्कृति, प्राकृतिक विविधता एवं हावा पानी र भु-बनोटबाट सजिएको प्रदेश हो । यहाँका संरक्षित राष्ट्रिय निकुञ्जहरु, जीवजन्तु एवं प्राकृतिक सुन्दरताले यस प्रदेशमा भ्रमण गर्ने जो कोहिको मन प्रफुल्ल पार्ने गर्दछ । यस प्रदेश प्राकृतिक सौन्दर्यको क्षेत्रमा विश्य प्रशिद्ध छ । यस प्रदेशमा प्रशस्त मात्रामा जडिबुटी, विविध खानीहरु एवं जलस्रोतको अपार भण्डारण रहेको छ ।

कर्णाली प्रदेशमा हाल उत्पादित कृषि, खनिज तथा जडिबुटीहरुको अवस्था, त्यसबाट आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरुको सूचि तथा अन्तरप्रदेश व्यापार हुन सक्ने सेवा तथा वस्तुहरुको बारेमा एक प्रोफाईल तयार गरी प्रदेशले आत्मनिर्भर हुन एवं निर्यात प्रवर्द्धन गर्न आगामी दिनमा चाल्नु पर्ने कदमहरुको बारेमा जानकारी लिने उद्देश्यले यो अध्ययन गरिएको छ ।

यस अध्ययन प्रतिवेदनमा प्रदेशमा उत्पादन भैरहेका वस्तुहरुको तथ्याङ्किय विवरण उल्लेख गरिनुका साथै केहि आयात प्रतिस्थापन हुन सक्ने वस्तु तथा सेवा, अर्न्तरप्रदेश व्यापार संभावना रहेका वस्तु तथा सेवा र निर्यात गर्न सकिने वस्तु तथा सेवाको विशलेषण समेत गरिएको छ । यसका साथसाथै केन्द्र एवं प्रदेश सरकारले निकासी प्रवर्द्धन, आयात प्रतिस्थापन तथा अर्न्तरप्रदेश व्यापारको लागी चालिनुपर्ने कदमको समेत सुझाव पेश गरिएको छ भने यस प्रदेशको सवल पक्ष, दुर्वल पक्ष, अवसर र हाँकको पनि चित्रण गरिएको छ ।

यस प्रतिवेदनमा नेपाल जस्तो विकाशोन्मुख राष्ट्रलाई अन्य विकसित मुलुकबाट प्राप्त हुने भंसार सहुलियतको समेत उल्लेख गरिएको छ भने खनिज एवं जडिबुटीहरुको जिल्लागत विवरण समेत समावेश गरिएको छ । त्यसै गरी उद्योगको प्रकृति सहितको विवरण उपलब्ध छ भने जलविद्युत तर्फ संचालनमा रहेका आयोजनाको क्षमता एवं निर्माणाधिन आयोजनाहरुको क्षमता तथा अघि बढिरहेका जल विद्युत खरिद सम्झौताहरुको क्षमता समेत उल्लेख गरिएको छ ।

यस प्रतिवेदनमा हाल प्रदेशबाट निकासी भईरहेका वस्तुहरु अदुवा, जडिबुटीहरुको प्रोफाईल तयार गरी विश्लेषण गरिएको छ भने निकासी संम्भाव्य वस्तुहरु बेसार, घ्यू, टिमुर, तेजपत्ता, सारयुक्त तेल, रत्न पत्थर, स्याउ, अन्य मसलाजन्य बालीको विवरण समेत समावेश गरिएको छ । त्यस्तै अन्तरप्रदेश व्यापार एवं आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरु मकै, गहुँ, जौ, फापर, तेलहनबाली, दलहनबाली, सिमेन्टका कच्चापदार्थ, मासु तथा दुधजन्य वस्तु, छालाका सामानहरु, तरकारी, फलफुल आदिको विवरण पनि अनुसुचीमा समोवेश गरिएको छ ।

प्रतिवेदन तयार गर्ने क्रममा प्रदेश उद्योग वाणिज्य महासंघ, विभिन्न वस्तुगत संघ/संस्थाहरु, बुद्धिजिवि वर्ग एवं सरोकारवाला निकायहरुसँग छलफल/अर्न्तरक्रिया गरी यस प्रतिवेदनमा उल्लेख गरिएको वस्तुहरुको विवरण समावेश गरिएको छ ।

# विषयसूची


कार्यकारी सारांश ............ i-ii

पृष्ठभूमि

- अध्ययनको उद्देश्य ............ २
- अध्ययनको विधि ............ ३
- अध्ययनका सीमाहरु ............ ३
- अध्ययनको उपलब्धी ............ ३

प्रदेशको परिचय

- जलवायु ............ ६
- जलस्रोतको विकास ............ ६
- पर्यटकीय क्षेत्रको विकास ............ ७
- व्यापार व्यवसायका पूर्वाधारको विकास र उद्योग स्थापना ............ ७
- प्रदेशको सामान्य आर्थिक परिदृष्य ............ ८

नेपालको वैदेशिक व्यापारको परिदृष्य ............ ९

कर्णाली प्रदेश सम्बन्धि SWOT विश्लेषण ............ ११

कर्णाली प्रदेशका केही प्रमूख कृषिजन्य वस्तुहरुको उत्पादन स्थिति : ............ १२

कर्णाली प्रदेशको आर्थिका क्रियाकलापको स्थिति ............ १५

खनिज र खनिजका उत्पादनहरु ............ १६

कर्णाली प्रदेश अन्र्तरगतका जिल्लाहरुमा पाईने जडिबुटीहरुको विवरणः ............ १६

जलविद्युत ............ १७

सेवा व्यापार ............ १९

- पर्यटन र धार्मिक स्थल ............ १९

कृषिजन्य, औद्योगिकजन्य, वनजन्य एवं खानिजजन्य वस्तुहरु निर्यातकको लागि चालिनु पर्ने कदमहरु ............ २१

कर्णाली प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण ............ २२

- गहुँ ............ २२
- मकै ............ २४
- आलु ............ २६
- स्याउ ............ २७
- ऊन ............ २९
- अदुवा ............ ३१

जडिवुटी ............ ३४

खाद्यवस्तुहरु निर्यातमा गुणस्तरका प्रावधानहरु.......... ३६
व्यापार सम्वद्ध सरोकारका विषयहरु .......... ३८
व्यापार प्रवर्द्धनमा सूचना प्रणालीको स्थापना .......... ३८
नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्राप्त सुविधाहरुको जानकारी .......... ३८
निर्यात व्यापारमा नेपाललाई प्राप्त सुविधाहरु.......... ३८
व्यावसायी वातावरणमा सुधार सम्वन्धी विषयहरु .......... ३९
    कृषि अनुदान र प्रोत्साहन सम्वन्धी विषय .......... ३९
    व्यापार सम्वद्ध पूर्वाधारमा लगानी .......... ३९
    लजिष्टक सेवामा सुधार .......... ४०
    व्यापार सम्वद्ध अनुसन्धान .......... ४०
    प्रदेशस्तरको व्यापार सम्वद्ध डाटावेसको व्यवस्था.......... ४०
    भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क सम्वन्धी विषयहरु .......... ४१
    गुणस्तर सम्वन्धी विषयहरु .......... ४१
प्रदेशबाट हाल निर्यात भईरहेका वस्तुहरु.......... ४१
निर्यात सम्भाव्य वस्तु तथा सेवाहरु .......... ४१
आयात प्रतिस्थापन तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरु .......... ४२
निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरु.......... ४२
लागत न्युनीकरणमा प्रदेश सरकारले गर्नुपर्ने सहयोगहरु.......... ४३
निष्कर्ष .......... ४३
सुझाव .......... ४४
अनुसुची.......... ४६-५३
सन्दर्भ सामाग्री.......... ५४

## तालिकाहरु

तालिका १ : नेपालको वैदेशिक वस्तु व्यापारको सामान्य झलक ........ २
तालिका २ : कर्णाली प्रदेशको कुल ग्राहस्थ उत्पादनको विवरण ........ ९
तालिका ३ : दश वर्षको आयात/ निर्यात एवं व्यापार घाटाको विवरण ........ १०
तालिका ४ : खाद्यान्न उत्पादन स्थिती (मे.ट.) ........ १२
तालिका ५ : नगदेबालीको उत्पादन स्थिती ........ १३
तालिका ६ : तेलजन्य, मसलाजन्य तथा दलहनबालीको उत्पादन स्थिती ........ १३
तालिका ७ : पशुपंछीको विवरण ........ १४
तालिका ८ : दुग्ध तथा मासुजन्य उत्पादन ........ १४
तालिका ९ : भेडा र उनको विवरण ........ १४
तालिका १० : फलफुल उत्पादनको विवरण ........ १४
तालिका ११ : कर्णाली प्रदेशको आर्थिका क्रियाकलापको स्थिति ........ १५
तालिका १२ : खनिजको विवरण ........ १६
तालिका १३ : जडिबुटीहरुको विवरण ........ १७
तालिका १४ : जलविद्युत उत्पादन स्थिति ........ १८
तालिका १५ : विद्युत खरिद सम्झौता विवरण ........ १८
तालिका १६ : पर्यटक भ्रमण विवरण ........ २१
तालिका १७ : पर्यटन क्षेत्रबाट प्राप्त आम्दानी ........ २१
तालिका १८ : कर्णाली प्रदेशमा गहुँको उत्पादन स्थिति ........ २३
तालिका १९ : कर्णाली प्रदेशमा उत्पादन भएको गहुँको जिल्लागत विवरण ........ २३
तालिका २० : नेपालको गहुँ आयातको विवरण ........ २३
तालिका २१ : कर्णाली प्रदेशमा मकैको उत्पादन स्थिति ........ २५
तालिका २२ : कर्णाली प्रदेशमा उत्पादन भएको मकैको जिल्लागत विवरण ........ २५
तालिका २३ : नेपालको मकै आयातको विवरण ........ २५
तालिका २४ : कर्णाली प्रदेशमा आलुको उत्पादन स्थिति ........ २६
तालिका २५ : कर्णाली प्रदेशमा उत्पादन भएको आलुको जिल्लागत विवरण ........ २६
तालिका २६ : नेपालको आलु आयातको विवरण ........ २७
तालिका २७ : जिल्लागत स्याउ उत्पादनको विवरण ........ २८
तालिका २८ : नेपालको स्याऊ आयातको विवरण ........ २९
तालिका २९ : जिल्लागत रुपमा ऊनको उत्पादन विवरण ........ ३०
तालिका ३० : नेपालको ऊन आयातको विवरण ........ ३०
तालिका ३१ : नेपालको अदुवाको उत्पादन विवरण ........ ३२
तालिका ३२ : कर्णाली प्रदेशमा उत्पादन भएको अदुवाको विवरण ........ ३३
तालिका ३३ : अदुवा आयात गर्ने देशहरुको विवरण ........ ३३

तालिका ३४ : विश्व बजारमा जडिबुटीको निर्यातको अवस्था........................................................३४
तालिका ३५ : विश्व बजारमा जडिबुटीको आयातको अवस्था........................................................३५

## पृष्ठभूमिः

नेपालको संविधान अनुसार मुलुक संघीय संचरनामा प्रवेश गरे सँगै प्रादेशिक सरकारको अवधारणा अनुसार मुलुकमा सातवटा प्रदेशहरुको व्यवस्था गरेको छ । यस




व्यवस्था अन्तर्गत प्रदेशभित्रको व्यापार प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकास,कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,उद्योग तथा खनिज र भौतिक पूर्वाधार पर्यटन, औद्योगीकरण अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग जस्ता विषयहरु प्रदेश सरकार संलग्न हुने क्रियाकलापका रुपमा संविधानको अनुसूचिमा व्यवस्था गरिएको छ ।

समानुपातिक विकास, प्रदेशभित्रका संभावनाहरुलाई उजागर गर्दै ती संभावनालाई कार्यान्वयन योग्य बनाई आर्थिक  वृद्धिबाट सम्वृद्धि हासिल गर्ने मुल मर्म प्रादेशिक संरचनाको व्यवस्थाभित्र अन्तरनीहित छ । यसकारण व्यवस्थित अध्ययनमा आधारित संभावनाको पहिचान गरी सोलाई मूर्त रुप दिने व्यवहारिक कार्यक्रमको आवश्यकता देखिन्छ ।  एकातिर कुनै प्रदेशका उत्पादनहरुले बजार पाई नरहेको अवस्था छ भने अर्कोतिर अन्य प्रदेशहरुमा ती वस्तुहरुको आपूर्तिमा न्युन हुन गई विदेशबाट हुने आयातबाट पूर्ति गरिरहनु परेको अवस्था विद्यमान छ । प्रदेशस्तरमा रहेको उत्पादनको यथार्थ अवस्था, उत्पादन वृद्धिका संभावनाहरु, नयाँ उत्पादन क्षेत्रको पहिचान र विद्यमान समस्याहरु तथा उत्पादन वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश अनुसार अपनाउनु पर्ने विधिको पहिचानको आवश्यताका पनि त्यत्तिकै टड्कारो रुपमा देखा परेको छ ।

मुलुकककोे आयात दिनानुदिन तीव्रगतिमा बढिरहेको छ भने निर्यातमा झिनो र स्थीर प्रकृतिको वृद्धिले गर्दा मुलुकको व्यापारघाटा चिन्ताजनक रुपमा बढिरहेको छ । यसरी बढ्दो व्यापारघाटालाई न्युन गर्न नयाँ सम्भावनाहरुको पहिचान गर्न जरुरी भइसकेको छ ।

**तालिका १ : नेपालको वैदेशिक वस्तु व्यापारको सामान्य झलक**

**मुल्य रु अर्वमा**

| | आव २०७३/७४ | आव २०७४/७५ | वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| निर्यात | ७३.१३ | ८१.३३ | ११.२ |
| आयात | ९८५.९५ | १,२४५.१९ | २६.३ |
| कृषिजन्य वस्तुको आयात | १७५.५९ | २०३.४९ | १५.९ |
| कृषिजन्य वस्तुको निर्यात | २०.९२ | २३.४६ | १२.१ |

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, *२०७४/७५*

उपरोक्त पृष्ठभूमिमा प्रदेशमा उत्पादन हुने प्रमुख वस्तु तथा सेवाहरुको पहिचान गरी सो का आधारमा आयात प्रतिस्थापन गर्न सक्ने तथा निकासी संभावना भएका वस्तु तथा सेवाहरुको प्रोफाईल तयार गरी निर्यात प्रवर्द्धन गर्दै अन्तरप्रादेशिक व्यापारको सम्भावना समेत पहिचान गर्नु पर्ने देखिन्छ ।

## नेपालले विगतमा निर्यात गरेका एवं वर्तमानमा आयात गरिरहेको वस्तुहरु :

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याँक अनुसार नेपालमा विगतमा धान, चामल, जुट तथा जुटका सामानहरु, गहुँको पीठो उल्लेख्य मात्रा निकासी गरिहेको पाइए तापनि हाल आएर यी वस्तुको आयात भारी मात्रा हुने गरेको छ । उक्त वस्तुहरु मध्ये धान, चामल आदि भारतमा निकासी भई रहेका हुन्थे भने गहुँको पीठो चीनतर्फ निकासी हुने गर्थ्यो । हाल कच्चा जुट विदेशबाट आयात गरेर जुटका प्रशोधित उत्पादनहरु निकासी गरिहेको छौं ।

कुनै समय भारतमा ठूलो परिमाणमा काठ निकासी भईरहे तापनि हाल आएर म्यानमा, इण्डोनेशिया जस्ता मुलुकहरुबाट काठहरु आयात भईरहेको छ ।  नेपालले विगतमा निकासी गरेका र हाल आयात गरिरहेका वस्तुहरुको उत्पादनलाई बृद्धि गर्ने सम्भावना रहि आएको परिप्रेक्षमा ती वस्तुहरुको उत्पादन अभिबृद्धि गरि पुन : निकासी तथा अन्तरप्रदेश व्यापार गर्न सकिन्छ ।

## अध्ययनको उद्देश्यः

यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छ :

(१) प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाई निर्यात अभिवृद्धि मार्फत मुलुकको बढ्दो व्यापारघाटालाई कम गर्न सहयोग पुचाउने

(२) अन्तर प्रादेशिक व्यापारलाई अभिवद्धि गर्ने

(३) आयातित मालवस्तुहरुलाई प्रदेशमा उत्पादित मालवस्तुहरुले प्रतिस्थापन गर्ने,

(४) प्रदेशस्तरमा सम्भावना भएका वस्तु तथा सेवा व्यापारका अवसरहरुलाई पहिचान गरी व्यापार प्रवर्द्धन तथा नीतिहरु तर्जूमा गर्न सहयोग पुचाउने ।

(५) भविष्यमा गरिने अध्ययनका लागि आधार दस्तावेजको रुपमा विकास गर्ने

## अध्ययनको विधि:

यो अध्ययन गर्दा सर्वप्रथम विभिन्न सरकारी श्रोतहरु - कृषि तथा पशुपंक्षी मन्त्रालय, खानी विभाग, तथ्याङ्क विभाग, बन विभाग, नेपाल राष्ट्र बैंक, नेपाल विद्युत प्राधिकरणबाट प्राप्त द्धितियक तथ्याङ्क (Secondary Data) उपयोग गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त उत्पादन सम्बन्धी विवरण, उद्योग सम्बन्धी विवरण, खानी सम्बन्धी विवरणलाई तालिकिकरण तथा वर्गिकरण गर्ने कार्य गरियो । तत्पश्चात उक्त तथ्याङ्क तथा विवरणहरु उपर प्रदेश स्थित विभिन्न उद्योग वाणिज्य संघ, जडिबुटी व्यावसायी संघ, उद्यमी, व्यवसायीहरुसंग अन्तरक्रिया गरी रुजु गर्ने कार्य सम्पन्न गरियो । त्यसबाट प्राप्त निस्कर्षहरुबाट प्रारम्भिक प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनमा उल्लेखित विषयहरु उपर सरोकारवाला सरकारी निकायहरु, प्रदेश स्थित उद्योग वाणिज्य महासंघको सहभागितामा प्रदेशको राजधानीमा प्रस्तुतिकरण गर्नुका अतिरिक्त राय सुझाव संकलन गर्ने कार्य गरियो । सम्पूर्ण राय सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

## अध्ययनका सीमाहरु :


- (१) द्धितीयक तथ्याँकमा बढी निर्भरता
- (२) म्यानुफ्याक्चरिङतर्फ उत्पादनको तथ्याँक कमीले सूचनामा बढी निर्भर हुनु
- (३) कृषि क्षेत्रको उत्पादन तथ्याँक २०७३/७४ मा सीमित रहनु
- (४) सेवा व्यापारतर्फको क्षेत्रगत तथ्याँक उपलव्ध हुन नसक्नु
- (५) प्रदेशस्तरमा उपभोगको तथ्याँक उपलव्ध नहुनु

## अध्ययनको उपलब्धी :

- यो अध्ययन प्रतिवेदनबाट समग्रमा सिंगो मुलुकलाई र विशेषतः यस प्रदेशलाई देहाय बमोजिमका उपलव्धी हुने देखिएको छ ।

- (१) प्रदेशका निर्यात सम्भावना भएका वस्तु तथा सेवाहरुको जानकारी हुने,
- (२) प्रदेशमा आयात प्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरुको पहिचान हुने
- (३) अन्तर प्रदेश व्यापारका सम्भावित वस्तु तथा सेवाहरुका सूचि तयार हुने
- (४) उपरोक्त सूचिका आधारमा निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन हुने र अन्तर प्रदेश व्यापार सम्भावनाका बारेमा प्रदेशलाई नीति तर्जुमा गर्न उपयोगी हुने
- (५) भविष्यमा समान प्रकृतिका अध्ययन गर्न सन्दर्भ सामाग्री रुपमा प्रयोग गर्न सकिने

## प्रदेशको परिचय




| स्थानीय तह - कर्णाली प्रदेश | | | | |
|---|---|---|---|---|
| जिल्ला | नगरपालिका संख्या | गाउँपालिका संख्या | जम्मा वडा | जनसंख्या |
| रुकुम | ३ | ३ | ७३ | १५५३८३ |
| सल्यान | ३ | ७ | ८३ | २४२४४४ |
| सुर्खेत | ५ | ४ | ९९ | ३५०८०४ |
| दैलेख | ४ | ७ | ९० | २६१७७० |
| जाजरकोट | ३ | ४ | ७७ | १७१३०४ |
| डोल्पा | २ | ६ | ६५ | ३६७०० |
| जुम्ला | १ | ७ | ६० | १०८९२१ |
| कालिकोट | ३ | ६ | ८२ | १३६९४८ |
| मुगु | १ | ३ | ४५ | ५५२८६ |
| हुम्ला | ० | ७ | ४४ | ५०८५८ |
| जम्मा | २५ | ५४ | ७१८ | १५७०४१८ |

| | |
|---|---|
| जम्मा क्षेत्रफल | २४,४५३ वर्ग कि.मि. |
| जम्मा जनसंख्या | १,५७०,४१८ |
| पुरुष | ७६७,९२३ |
| महिला | ८०२,४९५ |

नेपालको संविधानले नेपालको शासकीय स्वरुप र राज्य पुन:संरचनाको खाका कोरेको छ । सोही संविधानबमोजिम नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ । प्रदेश विभाजनको क्रममा ७५ जिल्लाबाट दुईवटा जिल्ला थप गरी ७७ पुऱ्याइएको छ । त्यसमध्ये छैठौं नम्बरमा रहेको यो प्रदेशलाई

कर्णाली प्रदेश बनाइएको छ भने साविकको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकामको रुपमा रहेको सुर्खेत जिल्लाको वीरेन्द्रनगरलाई यस प्रदेशको राजधानी बनाइएको छ ।कर्णाली प्रदेश जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, पश्चिम रुकुम, सल्यान, जाजरकोट, दैलेख र सुर्खेत गरी १० जिल्लामा विभाजित छ । यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन् । यस प्रदेशको नाम नेपालको प्रख्यात कर्णाली नदी तथा साविकका मध्यपश्चिमाञ्चल विकासक्षेत्रका हिमाली क्षेत्रको भूगोलको प्रतिनिधित्व हुने गरी कर्णाली कायम गरिएको छ भने साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रुपमा रहेको वीरेन्द्रनगरलाई राजधानी तोकिएको छ । कर्णाली प्रदेशमा रहेका १० जिल्लाको नेपालको कूल भू-भागको १९.७ प्रतिशत ३०३१३ वर्ग किलोमिटर भू-भाग ओगटेको छ । नेपालको राष्ट्रिय जनगणना २०६८ लाई आधार मानि गरिएको प्रक्षेपण अनुसार सन् २०१७ मा यस प्रदेशको जनसंख्या १७,११,७९३ रहेको अनुमान गरिएको छ । अहिलेको अवस्थामा कर्णालीको अर्थ अभाव, गरिबी, अशिक्षा, रुढी, परम्परा हो भन्ने बुझ्नु पर्छ । कर्णाली प्रदेशको पहिचान यही नै हो । प्रदेश स्वायत्त बन्न नसकेतापनि प्राप्त पहिचानलाई आधार मानेर संघीय वा प्रादेशिक सरकारले काम गर्न सक्यो भने मात्र प्रदेश र प्रदेशबासीको भलो हुने विश्वास गर्न सकिन्छ । यस प्रदेशमा खसहरू ( बाहुन, क्षेत्री) को बाहुल्यता भए पनि मगर, गुरुङ्ग, दसनामी, कामी-दमाई, थारु, राजी, बोटे लगायतका जातजातिहरूको पनि बसोबास भएकाले खसान शब्दले सबैलाई समेट्दैनथ्यो होला जति कर्णालीले समेटेकोछ । यहाँ ६८८३ मिटर उचाईको कान्जिरोवा हिमसृङ्खला, ६५७३ मिटर उचाईको त्रिपुरा हिउँचुली, ६१३९ मिटर अग्लो शेस शिखर, ५९६० मिटर अग्लो कागमारा प्रथम जस्ता हिमसृङ्खलाहरू पर्छन् । त्यसैगरी नेपालको सबैभन्दा ठूलो तालको रुपमा प्राकृतिक राराताल रहेको छ । यसको लम्बाई ५.१ किलोमिटर र चौडाई २.७ किलोमिटर रहेको छ । यो समुद्र सतहबाट २९९० मिटरको उचाईमा छ र यस तालको गहिराई १६७ मिटर रहेको छ । नेपालमा सबैभन्दा गहिरो तालको रुपमा रहेको डोल्पा जिल्लाको शे-फोक्सुण्डो ताल यसै प्रदेशमा पर्छ । यसको उत्तर दक्षिण लम्बाई ४.८ किलोमिटर र पूर्व पश्चिम चौडाई १.६ किलोमिटर रहेको छ । यसको गहिराई ६५० मिटर अनुमान लगाइएको छ । एवंप्रकारले सल्यानको कुभिण्डे दह, रुकुमको बासीकोट गाउँपालिकाको स्यार्पु ताल, सानी भेरी, मौराखारा दह, पोखरा दह, साँख दह, चौरजहारी उपत्यका, मुगुकै ऋणमोचन दह, सुर्खेतको बराह ताल र जाजुरा दह, बुलबुले ताल रहेका छन् ।

## जलवायु:

भौगोलिक अवस्था जस्तै जलवायुको दृष्टिले पनि कर्णाली प्रदेश जत्तिको जटिल छ उत्तिकै मनमोहक पनि छ । यहाँको जलवायु शीत र समशीतोष्ण रहेको छ । यस प्रदेशमा तराई नजोडिएको कारणले उष्ण जलवायु पाइँदैन । उत्तरी हिमाली भेगमा बाह्रै महिना चिसो र दक्षिणी पहाडी, उपत्यका तथा दूनहरूमा समशीतोष्ण जलवायु पाइन्छ । उत्तर-दक्षिण जोड्ने सडक यातायात र रोप-वेहरूको समुचित विकास भयो भने केही घण्टाभित्रै चिसोबाट गर्मी ठाउँमा र गर्मीबाट चिसो ठाउँमा पुग्न सकिने भएकाले यो प्रदेश तराईको प्रचण्ड तातो जलवायुमा रहने र अत्यन्त चिसो हिमाली भेगमा बस्नेहरूका लागि पनि उपयुक्त मानिन्छ ।

प्रशासनिक र पुरातात्विक दृष्टिले यस प्रदेशका जुम्ला, सुर्खेत, दैलेख, जिल्लाहरू महत्वपूर्ण मानिन्छन् । एघारौं शताब्दीतिर खस राज्यको राजधानी जुम्लाको सिंजा थियो । यो राज्य १३औं र १४औं शताब्दीतिर विस्तार भएको भन्ने भनाई छ । यो राज्य पश्चिममा गडवाल, उत्तरमा तिब्बतको मानसरोवर र राकशलेक, पूर्वमा गोर्खा, नुवाकोट र दक्षिणमा कपिलवस्तुसम्म विस्तार भएको भनाई छ ।
प्रदेशमा ४० प्रादेशिक निर्वाचन क्षेत्र र १२ संघीय प्रतिनिधिसभा निर्वाचन क्षेत्र कायम गरिएकोछ। यहाँको मानव विकास सूचकाङ्क ०.४६९ मात्र रहेको छ । यो सूचकाङ्क न्यून हुनुका कारण परम्परागत कृषि र पशुपालन, उद्योग धन्दातर्फ ठूलो लगानीकर्ताको ध्यानाकर्षण हुन नसक्नु, उत्पादनका स्रोत तथा सामग्रीको पहुँचका लागि सडक र विद्युत पुग्न नसक्नु, चेतनाको स्तर उठ्न नसक्नु आदि धेरै कारणहरू रहेका छन् । सुशासन र समृद्धिलाई यसले पनि प्रभाव पार्छ ।

## जलस्रोतको विकास:

यस प्रदेशको सबैभन्दा ठूलो नदी कर्णाली हो । यस नदीको प्रभाव क्षेत्र करिब ४९००० वर्ग किलोमिटर छ । यो नदीको लम्बाई ५०७ किलोमिटर छ । यससँग जोडिएका यसका सहायक नदीहरू हुम्ला कर्णाली, मुगु कर्णाली, तिला नदी हुन् । डोल्पाबाट बग्ने ठूली भेरी, रुकुमबाट बग्ने सानीभेरी, डोटीबाट पूर्व बगेर कर्णालीमा समाहित हुने सेती नदी लगायत महाभारत पाखोबाट करिब ४८०० वर्ग

किलोमिटर लामो शारदा नदी, पातु, सेवार र सुसाउने आदि मिसिएर बग्छ जो बाँके र बर्दियाको उब्जाउ भूमि सिंचाईका लागि प्रयोग भएको छ। त्यसो त सुर्खेतबाट पश्चिमतर्फ बगेर कर्णाली नदीमा मिसिने भेरी नदीको करिब पचास प्रतिशत पानी बबई नदीमा मिसिएर बाँके-बर्दियाको सिंचाईमा प्रयोग हुने भए तापनि बाँकी पानी कर्णालीमा मिसिने हुनाले भेरीले पनि कर्णालीको सहायक नदी बन्ने सौभाग्य अझैं पनि पाएको छ । अन्य प्रदेशहरूको तुलनामा यहाँ जलविद्युत बढी उत्पादन हुने सम्भावना रहेकाले यसलाई सेतो सुनको प्रदेश पनि भन्ने गरिन्छ। यहाँका जनताको आर्थिक पछौटेपन, स्थानीय लगानीकर्ताको अभाव, भौगोलिक कठिनाई जस्ता तमाम प्रतिकूल परिस्थिति र चुनौति भएर पनि सम्भावना पनि त्यत्तिकै आशालाग्दो रहेको छ, त्यसैले यहाँ करिब २०००० मेगावाट विद्युत उत्पादन हुन सक्ने सम्भावना रहेको छ । यस प्रदेशका बहुउपयोगी यी नदीनालामा कायाकिङ्ग, क्यानोनिङ्ग, र्‍याफ्टिङ्ग र जेट बोटका लागि सानी भेरी, ठूली भेरी मिसिएर बनेको भेरी र तिला लगायत विभिन्न नदी मिसिएर बनेको कर्णाली नदी उपयोगमा ल्याउन सकिन्छ।

## पर्यटकीय क्षेत्रको विकासः

यो प्रदेश पर्यटकीय दृष्टिले ज्यादै महत्वपूर्ण डोल्पाको बाउलीगाठ झरना १६८ मिटर, सुलीगाडको झरना १६७ मिटर, छारीखोला झरना दैलेख ६१ मिटर, कर्णाली वन्यजन्तु आरक्षण ३६३ वर्ग किलोमिटर, रारा राष्ट्रिय निकुञ्ज रहेका छन् । त्यस्तै यहाँ प्रसिद्ध रारा ताल, हिमाली चितुवा र हिमाली भालु पाइन्छन्। शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज डोल्पा र मुगुको केही भाग समेटेर बनेको नेपालको सबैभन्दा ठूलो निकुञ्ज हो। यसको क्षेत्रफल ३५५५ वर्ग किलोमिटर (३५५५००) हेक्टर रहेको छ। सन् १९८० मा प्रस्तावित र १९८४ मा स्थापित यो निकुञ्जमा फोक्सुण्डो ताल पनि रहेको छ। यहाँ निलो भेडा, कस्तुरी, मृग, जंगली याक, तिब्बती ग्याजेल, नाउर आदि पाइन्छन् । जुम्लाको चन्दननाथ, हुम्लाको यलवाङ्ग गुम्वा, सुर्खेतको जाजुरा दह, बराहताल र विभिन्न मन्दिर, मस्जिद सल्यानको कुभिण्डे दह, दैलेखको शिरस्थानको ज्वाला, ट्रेकिङ्गका लागि कर्णाली अञ्चलका सबै जिल्ला महत्वपूर्ण मानिएका छन्।

## व्यापार व्यवसायका पूर्वाधारको विकास र उद्योग स्थापनाः

कर्णाली अञ्चलका हुम्ला, जुम्ला, कालिकोटबाट हाटबजारका लागि सिधै भेडाच्याङ्ग्रा र घोडाबाट नेपालगञ्जबाट खाद्यान्न तथा अन्य नून लगायतका उपभोग्य सामग्री ढुवानी गर्ने गरिएकोमा सुर्खेत

नेपालगञ्ज २०२० सालमा राजा महेन्द्रको भ्रमणको समयमा बनेको कच्ची सडकको २०३४ सालमा सुधार भएर मोटरबाटो बनेपछि हिमाली क्षेत्रका जिल्लाहरूलाई व्यापार व्यवसाय गर्न केही सजिलो भयो भने सुर्खेत पनि नेपालगञ्ज जस्तै व्यापारिक हब बन्न पुग्यो । अहिले यस प्रदेशका प्रायःजसो सदरमुकाम र घना बस्ती भएका भू-भागहरूमा बजार व्यवसाय विस्तार हुनुका साथै विभिन्न लघुउद्योगहरू पनि सञ्चालन हुँदै आएका छन् । कर्णाली प्रदेश जटिल भू-भागले बनेको छ । सीमित समथर भू-भाग, ससाना उपत्यका, केही नदी किनारका उर्बरा भूमि, केही चट्टान र घाँसे मैदानहरूको प्रधानता रहेको छ । राज्यले समयमा नै शिक्षा, स्वास्थ्य, सञ्चार लगायत यातायातका लागि सडक सञ्जाल निर्माण गर्न नसकेका कारण उच्च शिक्षा लगायत आयआर्जन, उद्योगधन्दा र रोजगारीका अवसरहरूबाट यस क्षेत्रका बासिन्दाहरू बन्चित हुन पुगेका हुन् । त्यसैले यो प्रदेशको अनिवार्यता दक्षिण भारतसँग नभएर उत्तर चीनसँग सीमाना जोडिएकाले चीनसँग व्यापारिक सम्बन्ध विस्तार गर्नुपर्ने देखिन्छ । उत्तरका नाका नखोलिएका र दक्षिणतिर पाँच नम्बर प्रदेशले यो प्रदेश घेरिएर बन्द प्रदेश तथा भू-परिवेष्ठित मुलुकको कठिन भौगोलिक र आर्थिक अवस्था भएको प्रदेश बन्न पुगेको छ । उत्तरी नाका खोल्नेवित्तिकै स्वतः सडक सञ्जालले भरिने, गरिबी र अभावबाट उत्पीडित जनताले रोजगारीका अवसर प्राप्त गर्ने, सक्नेले लगानीको अवसर पनि पाउने देखिन्छ । त्यतिमात्र नभएर यस प्रदेशमा उत्पादित औद्योगिक तथा अन्य उपभोग्य वस्तुले पनि चिनीयाँ बजार पाउन सक्छ । यस अर्थमा पनि व्यापारिक केन्द्र बन्ने सम्भावना बोकेको कर्णाली प्रदेशको उत्तरी हिमाली क्षेत्र भूगोलको नाताले मात्र महत्वपूर्ण नबनी आय-आर्जनका दृष्टिले पनि स्वतः महत्वपूर्ण बन्ने र यस प्रदेशको आर्थिक समुन्नतिको ढोका खोलिनेछ भन्ने अपेक्षा राख्न सकिन्छ ।

## प्रदेशको सामान्य आर्थिक परिदृष्य :

केन्द्रीय तथ्याँक विभागको प्रादेशिक कुल ग्राहस्थ उत्पादन सम्वन्धी प्रकाशित सन्  २०१८ को तथ्याँक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन ( रु.३४ खर्ब ६४ अर्ब ३२ करोड) मा कर्णालीको हिस्सा ३.४४ प्रतिशत (रु.१ खर्ब १९ अर्ब २५ करोड ९० लाख) रहेको छ । क्षेत्रगत रुपमा हेर्दा कर्णाली प्रदेशको कुल ग्राहस्थ उत्पादनको संरचना देहाय बमोजिम रहेको छ ।

**तालिका २ : कर्णाली प्रदेशको कुल ग्राहस्थ उत्पादनको विवरण**

| वर्गीकरण | प्रदेश (GDP) | हिस्सा(%) |
|---|---|---|
| कृषि तथा बन | ३८९४५ | ३२।८५ |
| मत्स्य | २१ | ०।०२ |
| खनिज | ६६६ | ०।५६ |
| म्यानुफ्याक्चरिङ | १२२४ | १।०३ |
| विद्यतु, ग्यास र पानी | १४३५ | १।२१ |
| निर्माण | १३०५६ | ११।०१ |
| थोक तथा खुद्रा व्यापार | ७६२६ | ६।४३ |
| होटेल तथा रेष्टुरेण्ट | ३५२५ | २।९७ |
| यातायात, भण्डारण र सञ्चार | १६११ | १।३६ |
| वित्त | १७९६ | १।५२ |
| रियलस्टेट, भाडा तथा व्यापारिक क्रियाकलापहरु | १०१९५ | ८।६० |
| सार्वजकि प्रशासन र रक्षा | ९२२० | ७।७८ |
| शिक्षा | १६९२१ | १४।२७ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ३८३६ | ३।२४ |
| अन्य सामुदायिक, सामाजिक तथा व्या व्यक्तिगत सेवा क्रियाकलापहरु | ८४६१ | ७।१४ |

*श्रोत: केन्द्रिय तथ्याङ्क विभाग*

## नेपालको वैदेशिक व्यापारको परिदृष्य :

विगत दश वर्षको नेपालको वैदेशिक व्यापार तथ्याँक (वस्तुतर्फ)लाई हेर्दा आयातमा भारी वृद्धि देखिएको छ भने निर्यातको आकार र वृद्धिदर दुवै सानो देखिएको छ । विगत केही वर्षको तथ्याँकलाई हेर्दा नेपालबाट निर्यात भई रहेका प्रमुख वस्तुहरुमा पोलिष्टर तथा अन्य धार्गो, फलाम तथा स्टील र तिनका उत्पादनहरु, ऊनी गलैचा, तयारी पोशाक, जुट तथा जुटका उत्पादन, जुस, चिया, टेक्सटाइल, अलैंची, पश्मिना सल, फेल्ट, जडिवुटी, मुसुरोको दाल र  जुत्ता रहेका छन् । नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, चीन, फ्रान्स, बंगलादेश, , इटाली, जापान, क्यानडा, अष्ट्रेलिया, नेदरलेण्ड्स डेनमार्क आदि प्रमुख रुपमा रहेका छन् ।

नेपालको विगत दश वर्षको वस्तु व्यापार तर्फको निर्यातको प्रवृत्ति देहाय अनुसार रहेको छ ।

**तालिका ३ : दश वर्षको आयात/ निर्यात एवं व्यापार घाटाको विवरण**

**मूल्य रु अर्बमा**

| आर्थिक वर्ष | निर्यात | आयात | व्यापार घाटा |
|---|---|---|---|
| २०६५/६६ | ६८.६ | २९१ | २२२.४ |
| २०६६/६७ | ६०.९५ | ३७५.६१ | ३१४.६६ |
| २०६७/६८ | ६४.५६ | ३९७.५४ | ३३२.९७ |
| २०६८/७९ | ७४.०९ | ४९८.१६ | ४२४.०७ |
| २०६९/७० | ७७.३५ | ६०१.२१ | ५२३.८६ |
| २०७०/७१ | ९१.३६ | ७२२.७८ | ६३१.४२ |
| २०७१/७२ | ८६.६४ | ७८४.५८ | ६९७.९४ |
| २०७२/७३ | ७१.१४ | ७८१.१५ | ७१०.०१ |
| २०७३/७४ | ७३.१३ | ९८५.९५ | ९१२.८३ |
| २०७४/७५ | ८१.३३ | १,२४५.१९ | १,१६३.८६ |

*श्रोत: व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७४/७५*

यसै गरी नेपालमा आयात हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टील र तिनका उत्पादनहरु, मशिनरी तथा पार्ट्स, यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरु, अन्न, हवाईजहाज तथा हवाईजहाजका पार्ट्स, तयारी पोशाक, सुन, चाँदी र हिरा, औषधी पोलिथिन ग्रेन्युल्स, रासायनिक मल, सिमेन्ट क्लिङ्कर, दुरसञ्चारका सामाग्रीहरु रहेको पाइन्छ । नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन्।

नेपालको निर्यातमा झिनो आकारको वृद्धि तथा सानो आयातन एवम् आयातमा विद्यमान ठूलो आकार र भारी वृद्धिका कारण मुलुकको व्यापार घाटा बर्षेनी भारी दरले वृद्धि भई रहेको छ ।

माथि प्रस्तुत गरिएको तालिकाले नेपालबाट निर्यात हुने मालवस्तु तथा सेवा भन्दा अन्य मुलुकबाट नेपालले खरीद गरी आयात गर्ने मालवस्तु र सेवाको मूल्यमा वर्षेनी ठूलो अन्तर हुँदै जाँदा हाल यसको १:१५.३ अनुपातमा रहेको छ ।

## कर्णाली प्रदेश सम्बन्धि SWOT विश्लेषण :

साहित्य पुनरावलोकन, प्रदेश सरकार र निजी क्षेत्रसँग गरिएको अन्तरक्रियाका आधारमा कर्णाली प्रदेशका समग्र पक्ष ( सबलता, दुर्बलता, अवसर र हाँक ) को विश्लेषण गर्दा देहाय बमोजिमको विवरणहरु प्राप्त भएका छन् ।

| **सबल पक्षः (Strength)** | **दुर्बल पक्ष (Weakness)** |
|---|---|
| • भौगोलिक विविधतायुक्त प्रदेश,<br>• चीन र भारतको ठूलो जनसंख्यायुक्त बजार ,<br>• उच्च मूल्य प्राप्त हुने ,कृषि तथा जडीबुटीजन्यवस्तुहरुको उत्पादनको केन्द्रको रुपमा परिचित,<br>• हिल्सा नाका,<br>• नेपाली भाषाको उत्पत्ती स्थल, सिन्जा,<br>• हिन्दू तथा बौद्ध धर्मावलम्वीहरुको लागि धार्मिक महत्वको प्रदेश,<br>• साहसिक, धार्मिक तथा ऐतिहासिक पर्यटनका लागि आकर्षक गन्तव्य,<br>• जलविद्युतको लागि अधिक संभावना भएको प्रदेश,<br>• खनीज पदार्थहरुको भण्डार, | • जनशक्तिको अभाव,<br>• सिंचाई सुविधाको कमी,<br>• आधुनिक प्रविधिको कमी,<br>• भौगोलिक विकटताका कारण उप्पादित वस्तुहरुको बजारसम्म ढुवानी गर्न उपयुर्क्त भौतिक पूर्वाधारको कमी,<br>• व्यापार पूर्वाधारको विकासमा कमी (शीतगृह, संकलन केन्द्र आदि) |

| **अवसर** (Opportunity) | **हाँक** (Threats) |
| --- | --- |
| • धार्मिक, साहसिक पर्यटन तथा पदयात्राको लागि उपयूक्त प्रदेश,<br>• कैलाश मानसरोवरको यात्राको लागी प्रवेशद्धार,<br>• कर्णाली प्रदेशमा उत्पादित तथा संकलीत जडीबुटीहरुको छिमेकी राष्ट्रहरुमा अधिक माग,<br>• कर्णाली प्रदेशमा उत्पादन हुने जलविद्युत भारतीय बजार र अन्य मुलुकहरुमा निकासी गर्न सकिने<br>• हिल्सा नाकाबाट चीनको बजारमा निकासीको संभावना, | • छिमेकी मुलुकमा कृषि एवं औद्योगिक क्षेत्रलाई प्राप्त सुविधा (अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनत्तम समर्थन मूल्य खरिदको प्रत्याभूति सहित) ले गर्दा नेपाली कृषि उत्पादन मूल्यको आधारमा कम प्रतिस्पर्धी हुनु<br>• इकोनोमी अफ स्केल (ठूलो परिमाणमा उत्पादन हुँदा प्रति इकाई लागत मूल्यमा हुने कमी)का कारण भारतीय वस्तुहरुसँग नेपाली वस्तुको लागत मुल्य तुलनात्मक रुपमा बढी हुनु<br>• युवा जनशक्ति विदेश पलायन हुने क्रमले गर्दा कृषि तथा औद्योगिक क्षेत्रमा जनशक्तिको कमी हुनु |

## कर्णाली प्रदेशका केही प्रमूख कृषिजन्य वस्तुहरुको उत्पादन स्थिति :

**तालिका ४ : खाद्यान्न उत्पादन स्थिती (मे.ट.)**

| वस्तु | उत्पादन |
| --- | --- |
| धान/चामल | ९०९५१ |
| मकै | १८९७३६ |
| कोदो | १९००१ |
| फापर | २२८८ |
| गहुँ | १५२५८४ |
| जौ | १३२४४ |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

कृषि तथा पशुपन्छि मन्त्रालय र केन्द्रिय तथ्यांह विभागको तथ्यांक लाई अध्ययन गर्दा यस प्रदेशमा कृषि खाद्यवालि अन्तर्गतको मकैको उत्पादन करिव १,८९,७३६ मे.ट. भएको देखिन्छ । त्यसै गरी कोदो १९,००१ मे.ट.,फापर २,२८८ मे.ट.,गहुँ १,५२,५८४ मे.ट. र जौ १३,२४४ मे.ट उत्पादन हुन आएको देखिन्छ ।

### तालिका ५ : नगदेबालीको उत्पादन स्थिती

| वस्तु | उत्पादन (मे टन) |
|---|---|
| आलु | १३८३१४ |
| तेलहन बाली (Oilseed) | ६१५३ |

*श्रोत: कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

### तालिका ६ : तेलजन्य, मसलाजन्य तथा दलहनबालीको उत्पादन स्थिती

| वस्तुको नाम | उत्पादन मे.ट. |
|---|---|
| **तेलजन्य उत्पादन** | ५१०७ |
| तोरी | ४९९६ |
| सरसिउँ | ९७ |
| रायो | ८ |
| सन फ्लावर | ६ |
| **मसलाजन्य उत्पादन** | ५०५८५ |
| अदुवा | ३७६९१ |
| बेसार | ६३७० |
| लसुन | ४५५२ |
| खुर्सानी | १९४७ |
| अलैची | २५ |
| **दलहन, गेडागुडी** | ७४२० |
| मुसुरो | ३४२७ |
| भटमास | २७१६ |
| केराउ | १२७७ |

*श्रोत: कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

### तालिका ७ : पशुपंछीको विवरण

| पशुपंछीको नाम | संख्या |
|---|---|
| कुखुरा | १४००६१७ |
| खसि/वाखा | १,००५,०११ |
| गाई वस्तु | ६१६,२७७ |
| राँग/भैंसी | ३०७,३४१ |
| भेडा | २९३,५३७ |
| दुध दिने भैंसी | ९३३०१ |
| दुध दिने गाई | ८०८५६ |
| सुँगुर | ६६५०४ |
| घोडा | ४४८४२ |
| याक/चौरी | १९४८१ |
| खरायो | १०४३५ |
| हाँस | १०४०९ |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

### तालिका ८ : दुग्ध तथा मासुजन्य उत्पादन

| वस्तुको नाम | उत्पादन मे.ट. मा |
|---|---|
| दुग्ध उत्पादन | ९४६३२.५ |
| मासुको उत्पादन | २००४९.५ |
| माछा | ७३११० के.जि. |
| अण्डा | १८५३८००० गोटा |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

### तालिका ९ : भेडा र उनको विवरण

| | |
|---|---|
| उन उत्पादन के.जि | २१५,३२६ |
| भेडा | २८९,१३३ गोटा |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

### तालिका १० : फलफुल उत्पादनको विवरण

| वस्तुको नाम | उत्पादन मे. ट. |
|---|---|
| सुन्तला प्रजाति (Mandarin)<br>सुन्तला (Sweet Orange) | १८४७३ |
| आँप | ५०६० |
| केरा | २६४७ |
| कागती (Lime)<br>कागती (Lemon) | २३८१ |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

## कर्णाली प्रदेशको आर्थिका क्रियाकलापको स्थिति :

**तालिका ११ : कर्णाली प्रदेशको आर्थिका क्रियाकलापको स्थिति**

| आर्थिक क्रियाकलाप | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति |
|---|---:|---:|
| कृषि, वन तथा माछापालन व्यवसाय (दर्ता भएका प्रतिष्ठानमात्र) | १५९० | ४३२४ |
| खानी तथा उत्खनन | ८ | ५९ |
| औद्योगिक उत्पादन | ४४२८ | ९८८३ |
| विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपुर्ति | १०३ | ५५३ |
| पानी आपुर्ति, ढल, फोहोर व्यवस्थापन तथा प्रशोधन क्रियाकलाप | ७९ | ४४६ |
| निर्माण | १०८ | ३१४ |
| थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत | २२७२८ | ४००२९ |
| यातायात तथा गोदाम | १९७ | ११८५ |
| आवास सुविधा तथा खाना व्यवस्थाका क्रियाकलाप | ६२३५ | १३३९८ |
| सूचना तथा संचार | ८८ | ७६३ |
| वित्तीय तथा विमा सम्बन्धी क्रियाकलाप | ७०६ | ५९९४ |
| घरजग्गा कारोबारका क्रियाकलाप | २ | ८ |
| पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | २४६ | ४८४ |
| प्रशासनिक तथा सहयोगी क्रियाकलाप | १०७ | ४६२ |
| शिक्षा | ३३७४ | २८५१८ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | ११५५ | ५९९७ |
| कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलाप | ४६ | ९७ |
| अन्य सेवा क्रियाकलाप संचालन गर्ने प्रतिष्ठान | १६०७ | ६४३७ |
| **जम्मा** | **४२८०७** | **११८९५१** |

## खनिज र खनिजका उत्पादनहरु :

कर्णाली प्रदेशमा उपलब्ध खानीहरु देहाय बमोजिम रहेका छन् । यी खानीहरुको उत्खनन् तथा प्रशोधनबाट देहायमन वस्तुहरु उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

**तालिका १२ : खनिजको विवरण**

| जिल्लाको नाम | खनिजको नाम | Final Products |
|---|---|---|
| जाजरकोट | Basic Rock | Cement, Glass |
| सुर्खेत | Gold, Copper, Iron, Limestone, Basic Rock, Barite, Clay, Dolomite, Talc | Cement, glass, bricks, and ceramics. |
| दैलेख | Kyanite, Basic Rock, Salt, Oil & Gas, Granite | Precious stone, |
| कालिकोट | Kyanite, Pyrite, | Precious stone, |
| जुम्ला | Basic Rock, Geothermal Hot Springs | heat and cool buildings |
| रुकुम (पश्चिम) | Copper, Gold | |
| सल्यान | Iron, Limestone, Copper, Calcite | Cememt |
| हुम्ला | Iron, Zinc, Quartz, Granite,Lead | |
| डोल्पा | Granite, Common Salt, Brine seeps | |

*श्रोतः केन्द्रिय तथ्याङ्क विभाग*

नेपालको कर्णाली प्रदेशलाई खनिजका हिसाबले सबैभन्दा धनि प्रदेशको रुपमा हेर्ने गरीन्छ । यस प्रदेशका अधिकांश खनिजहरु उत्खननको पर्खाईमा रहेको छन् । यस प्रदेशमा बहुमुल्य रत्नपत्थर देखि लिएर गर गहना निर्माण गर्ने सुन, भान्सामा खाना पकाउने ग्याँस, तामा, नुन, सिमेन्ट बनाउन प्रयोग हुने Lime Stone आदि अधिक मात्रामा रहेका छन् भने विश्व बजारमा अत्याधिक मूल्यमा विक्री हुँदै आएको Kyanite पनि प्रशस्त मात्रामा पाईन्छ । यस प्रदेशमा रहेका खानीहरुलाई उत्खनन गरी मूल्यअभिवृद्धि गर्न सक्ने हो भने कर्णाली प्रदेशलाई केही वर्ष भित्रमा नै समुन्नत एवं धनि प्रदेशको रुपमा हेर्न सकिन्छ । हाल सुर्खेत र जाजरकोटमा रत्नपत्थरको उत्खनन गरी स्थानिय स्तरमा विक्री वितरण गर्दै आईरहेको पाईन्छ ।

## कर्णाली प्रदेश अन्तरगतका जिल्लाहरुमा पाईने जडिबुटीहरुको विवरणः

जडिबुटी यस प्रदेशको जलस्रोतपछिको आयआर्जनको महत्वपूर्ण स्रोत हो । हर्रो, बर्रो, चरिअम्लो, पाँचऔंले, सर्पगन्ध, जटामसी, तुलसी, रामतुलसी, झ्याउ, यार्सागुम्बा लगायतका तमाम जडिबुटी उत्पादन, संकलन तथा प्रशोधन गरी औषधि उत्पादन गर्ने काम गर्न सकिन्छ । यसका लागि हिमाली क्षेत्रका अत्यन्त विकट तर जडिबुटी उत्पादनका दृष्टिले उर्बर मानिने भू-भागमा बसोबास गर्ने बासिन्दा जहाँ बर्षमा एक बालीमात्र पाक्छ ।

**तालिका १३ : जडिबुटीहरुको विवरण**

| कर्णाली प्रदेशका जिल्लाहरु | यस क्षेत्रमा पाईने मुख्य जडिबुटीहरु |
|---|---|
| **रुकुम (पश्चिम भाग)** | यार्शागुम्बा,पाँचऔंले,कुरिलो,टिमुर,दाल्चिनी,गूर्जो,कुट्की,पाङर,बादलपाते, बोझ्फो,हर्रो,चुत्रो,अमला,पदमचाल,सतूवा,हलहले,कूमकूम,चिराइतो, जटामसी,भलायोकमल,चिउरी आदि । |
| **सल्यान** | टिमुर,तेजपात,मलागेरी,सुगुन्धगेरी,रोजवेरी,रिठा,काउलोको बोक्रा,चुक्रोको बोक्रा,चिउरी आदि । |
| **डोल्पा** | यार्सागुम्बा ,कटुकी, चिराईतो जटामसी, हात्तिजरो, डालेचुक, भटौरी, तितो, सिलाजित, बनलसुन, गुच्ची च्याउ,लौट सल्ला, साधाराण च्याउ, धुपीको पात, पाँच औले, पावनको बोक्रा, जीवन्ती, रिठा, सतुवा, भोजपत्र, दालचिनी, वन प्याज, खोटो दारुहल्दी, झ्याउ, गोकुल धुप, सुजाईनो,हले,जीम्बु,वन,अमलबेद चुल्ठे,जटामसी, सेतकचिनी आदी । |
| **जुम्ला** | जटामसी,पाखनवेद,कमलवेद,पदमचाल,सेतोचिनी,अत्तिस,वन लसुन र यार्सागुम्वा आदि । |
| **मुगु** | कुट्की,सुगन्धवाल,चिराईतो,गुच्ची च्याउ,सिलाजीत,मासिजडा,भुल्ते,सतुवा आदि |
| **हुम्ला** | पाँचऔंले, जटामासी, कटुकी, चिराईतो, पदमचाल, विष, गुच्ची च्याउ, तितेपाती, उतिस, बाँझ खोटो, घोडा पर्चा, लौठ सल्ला, चुत्रो, मजेठो, बेथे, किमु आदि । |
| **कालिकोट** | चिउरी,टिमुर,घोडामर्चा,तुलसी,डालेचुक,पाखनवेद,पदमचाल,अमल बेद,कुट्की,चुत्रो,दालचीनीका पात, आदि । |
| **जाजरकोट** | अमलबेद,झयाउ,टिमुर,कुट्की,तेजपात,काउलो,पाखानभेद,काउलो,रिठा आदि । |
| **दैलेख** | टिमुर,तेजपात,काउलो,रिठा,चिउरी,झयाउ आदी । |
| **सुर्खेत** | टिमुर,चिउरी,तेजपात,काउलो,सुगन्धवाल,पाखानभेद,कुरिल्लो,चिराइतो,झयाउ, मेन्था,केमोमाईल,चुत्रो,असारे,सिटोनेला,हर्रो,बर्रो,अमला,तितेपाती,रिठा, आदी । |

## जलविद्युत

विद्युत विकास विभागका अनुसार २०७५ वैशाख १२ गते सम्ममा नेपालको कुल विद्युत उत्पादन १००६.८ मेगा वाट छ भने यस प्रदेशमा ३.८ मेगा वाट छ । यसरी उत्पादन भएको विद्युत मध्ये गण्डकी प्रदेशमा सबैभन्दा बढी ४५९.१ मेगावाट र सबैभन्दा कम यसै प्रदेशमा ३.८ मेगावाट छ । यसैगरी यस प्रदेशमा ३९.७ मेगावाट क्षमताको विद्युग गृहहरु निर्माणाधिन अवस्थामा छ । जुन नेपालमा निर्माणको चरणमा रहेका ४ हजार ६ सय ४१ मेगावाट क्षमताको आयोजनाको ०.८६ प्रतिशत मात्र हो । जलविद्युत सम्बन्धि विवरण तालिकामा उल्लेख छ ।

### तालिका १४ : जलविद्युत उत्पादन स्थिति

**मेगावाटमा**

| विवरण | संचालनमा रहेका आयोजनाको क्षमता | निर्माणाधिन आयोजनाको क्षमता |
|---|---|---|
| कर्णाली प्रदेश | ३.८ | ३९.७ |
| नेपाल | १००६.८ | ४६४१.६ |
| प्रदेश १ | १२३.५ | ७६५.४ |
| प्रदेश २ | ०.० | ०.० |
| गण्डकी प्रदेश | ४७९.१ | १४०४.३ |
| प्रदेश ५ | २१.७ | १६.२ |
| प्रदेश ७ | ३८.५ | ८९.३ |

*श्रोत : नेपाल विद्युत प्रधिकरण, २०७५*

नेपालमा विद्युत उत्पादन गर्नका लागि २०७५ जेष्ठसम्मका लागि अघि बढाइएका विद्युत खरिद प्रक्रियाहरुको विवरण तालिका १६ मा रहेको छ। प्रकृयामा रहेका नेपालको कुल ६,२४५ मेगावाट मध्ये यस प्रदेशको हिस्सा ९.७५ प्रतिशत छ। गण्डकी प्रदेशमा सबैभन्दा धेरै ४६.९७ प्रतिशत र प्रदेश २ मा सबैभन्दा कम ०.३४ प्रतिशत अघि बढेको छ । कर्णाली प्रदेशमा रहेका नदिनालाहरुबाट क्षमता बमोजिमको विद्युत उत्पादन गर्न सकिएमा अन्य प्रदेशमा समेत निर्यात गरी आयात प्रतिस्थापन गर्न सहज हुन जाने देखिन्छ।

## मिति २०७५/०२/२० सम्ममा अघि बढेका विद्युत खरिद सम्झौता (किलो वाटमा)

### तालिका १५ : विद्युत खरिद सम्झौता विवरण

| विवरण | कर्णाली | नेपाल | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | गण्डकी | प्रदेश ५ | प्रदेश ७ |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा कि.वा. | ६०९,००० | ६२४५०४९ | १७४८०९३ | २१००० | ७८९२३८ | २९३२९८८ | ३६८० | १४१०५० |
| प्रतिशत | ९.७५ | १०० | २७.९९ | ०.३४ | १२.६४ | ४६.९७ | ०.०६ | २.२६ |


*श्रोत : नेपाल विद्युत प्रधिकरण, २०७५*

## सेवा व्यापारः

सेवा व्यापारका क्षेत्रमा कर्णाली प्रदेशमा पर्यटनको संभावना अन्य प्रदेशको तुलनामा मजबूत रहेको छ ।

### पर्यटन र धार्मिक स्थलः

कर्णाली प्रदेशमा स्वर्गकी अप्सराको रुपमा चिनिने मुगुको रारा ताल, विश्वको उच्च स्थानमा रहेको डोल्पाको से-फोक्सुण्डो ताल, दैलेखको शिरस्थान ज्वाला, सल्यानको कुभिण्डे दह, रुकुमको बासीकोट गाँउपालिकाको स्यार्पु ताल, सानी भेरी, मौराखारा दह, पोखरा दह, साँख दह, मुगुको ऋणमोचन दह, सुर्खेतको बराहा ताल, जाजुरा दह, बुलबुले ताल, ऐतिहासिक तथा धार्मिक महत्व बोकेको सुर्खेतको काँक्रेविहार, देउती बजै, दलैखको पंञ्चकोषी, जुम्लाको चन्दननाथ मन्दिर, पर्दछन् भने धार्मिक महत्व बोकेको मानसरोवर यात्राको प्रवेशद्धारको रुपमा समेत यो प्रदेश रहेको छ ।



चन्दननाथ दत्तात्रय, जुम्ला



रारा ताल, मुगु



से-फोक्सुण्डो, डोल्पा

**तालिका १६ : पर्यटक भ्रमण विवरण**

| | |
|---|---|
| Wildlife Tourist | ७३६ |
| Trekker | १४८२८ |

*श्रोत: पर्यटन मन्त्रालय २०१७*

**तालिका १७ : पर्यटन क्षेत्रबाट प्राप्त आम्दानी**

| | |
|---|---|
| Length of Stay | १२.६ |
| Per Day Per Tourist Expenditure | ५४ US$ |

*श्रोत: पर्यटन मन्त्रालय २०१७*

खासगरी भारतीय पर्यटकको मानसरोवरको यात्राको क्रममा यस प्रदेशका विभिन्न स्थानहरुमा हुने रात बसाईसँगै पर्यटकहरुले आफुलाई आवश्यक पर्ने सामाग्रीहरु खरीदमा खर्च हुने रकमले समेत प्रदेशलाई आर्थिक लाभ हुन गई यस क्षेत्रका नागरीकहरुको जिवनस्तर माथि उठाउन समेत सहयोग पुगेकोछ । यात्राका क्रममा स्थानीय स्तरमा उत्पादन भएको प्राकृतिक रेशाबाट निर्मित कपडा, नेपाली कागजका हस्तकलाका सामानहरु, जडिबुटी तथा रत्नपत्थरका सामाग्रीहरुको विक्री वितरणले समेत यस क्षेत्रका गरीबिको रेखामुनी रहेका नागरीकहरुलाई केही हदसम्म राहात हुन गएको पाईन्छ । यस प्रदेशमा सन् २०१७ मा ७३६ जना Wild Life Tourist र १४८२८ Trekker ले भ्रभण गरेका थिए भने प्रति पर्यटक सरदर १२.६ दिनको लामो बसाई बस्नुका साथै प्रति पर्यटक प्रति दिन रु.५४ US$ खर्च गरेको २०१७ को पर्यटन मन्त्रालयको तथ्याङ्कबाट देखिन्छ ।

**कृषिजन्य, औद्योगिकजन्य, वनजन्य एवं खानिजजन्य वस्तुहरु निर्यातकको लागि चालिनु पर्ने कदमहरुः**

(१) स्टोरेजको स्थापना

(२) लेवलिङ र ब्राण्डिङको व्यवस्था

(३) गुणस्तर प्रमाणीकरण

(४) उचित ढुवानीको व्यवस्था

(५) कृषक र व्यवसायीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, व्याजदर, औजार, औषधी आदिमा अनुदान र निर्यातमा सहज प्रोत्साहनको व्यवस्था

**गुणस्तरः**

- सेनिटरी एण्ड फाइटो सेनिटरी प्रावधानका लागि सर्टिफिकेट
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता,
- सुक्ष्मजीवाणुको सीमा र एमआरएल

## कर्णाली प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण

### (१) गहुँ





नेपालको अर्को प्रमुख खाद्यबालीमा गहुँ पनि पर्दछ । विश्वको कुल गहुँ उत्पादनमा नेपालको हिस्सा करीव ०.२४ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कर्णाली प्रदेशमा गहुँ उत्पादन १ लाख ५२ हजार ५ सय ८४ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा गहुँ बचत भएको देखिन्छ । यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको गहुँ उत्पादनको हिस्सा नेपालको कुल गहुँ उत्पादनमा ८.९१ प्रतिशत र क्षेत्रफलमा ११.३७ प्रतिशत हिस्सा रहेको देखिन्छ । नेपालको गहुँको औसत राष्ट्रिय उत्पादकत्व प्रति हेक्टर २५५४ केजी रहेकोमा कर्णाली प्रदेशको उत्पादकत्व १८२४ केजी प्रति हेक्टर मात्र रहेको छ । यस प्रदेशको उत्पादकत्व राष्ट्रिय औसतमा पुर्‍याउन सकेको खण्डमा थप ६१ हजार मे.ट गहुँ उत्पादन हुने र यो अतिरिक्त उत्पादन औद्योगिक प्रयोजनका लागि अन्य प्रदेशमा पठाउन सकिने देखिन्छ । यस प्रदेशमा बचत रहेको गहुँ अन्य नपुग भएका प्रदेशहरुमा विक्रिबाट अन्तरप्रदेश व्यापारमा टेवा पुग्न गई यस प्रदेशमा नपुग भएका मालवस्तुहरुको आपूर्तिमा सहयोग पुग्न जान्छ ।

**तालिका १८ : कर्णाली प्रदेशमा गहुँको उत्पादन स्थिति**

| कर्णाली प्रदेशमा गहुँको उत्पादन स्थिति | |
|---|---|
| **विवरण** | **परिमाण मे.ट.** |
| उत्पादन | १,५२,५८४ |
| उपभोग राष्ट्रिय औसतमा | ३६,२९० |
| सन्तुलन | १,१६,२९४ |

**तालिका १९ : कर्णाली प्रदेशा उत्पादन भएको गहुँको जिल्लागत विवरण**

| गहुँ | | | |
|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल हेक्टरमा** | **उत्पादन मे.ट.मा** | **उत्पादकत्व केजी प्रति हेक्टरमा** |
| डोल्पा | २,६३० | ४,५५० | १,७३० |
| मुगु | ३,१३६ | २,९७० | ९४७ |
| हुम्ला | १,०१८ | १,०७५ | १,०५६ |
| जुम्ला | २,३८२ | ४,४०० | १,८४७ |
| कालिकोट | ५,४७५ | ५,८५६ | १,०७० |
| रुकुम | ५,८३६ | १२,४९२ | १,०७० |
| सल्यान | १५,९३५ | ३१,८७३ | २,००० |
| जाजरकोट | १३,०४० | १८,२०८ | १,३९६ |
| दैलेख | १९,६९४ | २९,५७० | १,५०१ |
| सुर्खेत | १४,५१० | ४१,५९० | २,८६६ |
| प्रदेशको कुल | ८३,६५७ | १५२,५८४ | १,८२४ |
| **नेपालको कुल** | **७३५,८५०** | **१,८७९,१९१** | **२,५५४** |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

**तालिका २० : नेपालको गहुँ आयातको विवरण**

| नेपालको गहुँ आयातको विवरण (आर्थिक वर्ष २०७४/७५) | | | | |
|---|---|---|---|---|
| **देश** | **परिमाण मे.ट.मा** | **मूल्य रु.अर्बमा** | **प्रतिशत हिस्सा** | **प्रति केजी मूल्य रु मा** |
| भारत | १०४८९५.५ | २.८४ | ९९.९९ | २७.०९ |
| अन्य | ३.५२७८ | ०.०० | ०.०१ | ७०.५७ |
| कुल | १०४८९९.१ | २.८४ | १००.०० | २७.०९ |

*श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७४/७५*

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको तथ्यांक अनुसार मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति २१.२ के.जी) लाई हेर्दा नेपाल गहुँमा बचतमा रहेको छ । नेपालले आ.व २०७४।७५ को आयात तथ्याङ्क हेर्दा मुलुकमा करिव २.८४ अरव

रुपैया बराबरको १०४८९९.१ मे.ट. गहुँ आयात गरेको देखिन्छ । यो गहुँ मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), ओट्स, कन्फेल्क्स आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

## (२) मकै

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पनि पर्दछ । विश्वको कुल मकै उत्पादनमा नेपालको हिस्सा करीव ०.२० प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कर्णालीमा मकै उत्पादन १ लाख ८९ हजार ७ सय ३६ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा मकैको बचत भएको देखिन्छ । यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको मकै उत्पादनको हिस्सा नेपालको कुल मकै उत्पादनमा ८.२५ प्रतिशत र क्षेत्रफलमा ९.७५ प्रतिशत हिस्सा रहेको देखिन्छ । मकैको औसत राष्ट्रिय उत्पादकत्व २५५५ केजी रहेकोमा कर्णाली प्रदेशमा मकैको उत्पादकत्व २१६१ केजी प्रति हेक्टर रहेको छ । यस प्रदेशको मकैको उत्पादकत्व राष्ट्रिय औसतमा पुऱ्याउन सकेको खण्डमा थप ३५ हजार मे.ट मकै यस प्रदेशमा उत्पादन हुने देखिन्छ । यो थप उत्पादन औद्योगिक प्रयोजन तथा पशु आहार उत्पादनमा प्रयोग गर्न सकिन्छ ।





**तालिका २१ : कर्णाली प्रदेशमा मकैको उत्पादन स्थिति**

| कर्णाली प्रदेशमा मकैको उत्पादन स्थिति | |
|---|---|
| विवरण | परिमाण मे.ट. |
| उत्पादन | १,८९,७३६ |
| उपभोग राष्ट्रिय औसतमा | २७,६३९.४ |
| सन्तुलन | १,६२,०९६.६ |

**तालिका २२ : कर्णाली प्रदेशमा उत्पादन भएको मकैको जिल्लागत विवरण**

| मकै | | | |
|---|---|---|---|
| जिल्ला | क्षेत्रफल हेक्टरमा | उत्पादन मे.ट.मा | उत्पादकत्व केजी प्रति हेक्टरमा |
| डोल्पा | २,२०५ | २,८०० | १,२७० |
| मुगु | ५५० | ८२५ | १,५०० |
| हुम्ला | १२९ | २१५ | १,६६७ |
| जुम्ला | ४,५०० | ६,३०७ | १,४०२ |
| कालिकोट | २,९३२ | ५,७३६ | १,९५६ |
| रुकुम | ८,१४१ | १७,७७० | १,०९१ |
| सल्यान | १९,८५० | ४१,५९८ | २,०९६ |
| जाजरकोट | १४,०९५ | ३१,७३४ | २,२५१ |
| दैलेख | २०,१५० | ४४,२६८ | २,१९७ |
| सुर्खेत | १५,२५१ | ३८,४८३ | २,५२३ |
| प्रदेशको कुल | ८७,८०३ | १८९,७३६ | २,१६१ |
| **नेपालको कुल** | **९००,२८८** | **२,३००,१२१** | **२,५५५** |
| प्रदेशको हिस्सा प्रतिशतमा | ९.७५ | ८.२५ | |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

**तालिका २३ : नेपालको मकै आयातको विवरण**

| नेपालको मकै आयातको विवरण | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
| भारत | ४६०,२२८ | ११.५ | ९६.७ | २५.०३ |
| अन्य | ६,६२४ | ०.४ | ३.३ | ५९.३६ |
| कुल | ४६६,८५२ | ११.९ | १००.० | २५.५१ |

*श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७४/७५*

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको तथ्यांक अनुसार मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति १७.६ के.जी) लाई हेर्दा नेपाल मकैमा बचतमा रहेको छ । नेपालले आ.व २०७४।७५ को आयात तथ्याङ्क हेर्दा मुलुकमा करिव ११.९० अरव रुपैया बराबरको ४,६६,८५२ मे. मकै आयात गरेको देखिन्छ । यो मकै मानव उपभोगका साथै विभिन्न

मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), ओट्स, कन्फेल्क्स आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पु¥याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

## (३) आलु



कर्णाली प्रदेश सबै मौसममा फल्ने आलुका लागि उपयुक्त प्रदेशका रुपमा रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार आलु उत्पादन हुने क्षेत्रफलका आधारमा प्रदेशको हिस्सा करिव ६ प्रतिशत रहेको छ भने मुलुकको कुल आलु उत्पादनमा यस प्रदेशको हिस्सा करिव ५ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको आलुको उत्पादकत्व राष्ट्रिय औसतको भन्दा कम रहेकोले आलु उत्पादनको प्रविधिमा सुधार ल्याउन सकेको खण्डमा यस प्रदेशमा थप २६ हजार मे.ट. आलु उत्पादन हुन सक्ने देखिन्छ । यो थप उत्पादन अन्य प्रदेशतर्फ पठाउन सकिने र यसबाट आलुको आयातलाई केही हदसम्म प्रतिस्थापन गर्न सक्ने देखिन्छ ।

**तालिका २४ : कर्णाली प्रदेशमा आलुको उत्पादन स्थिति**

| कर्णाली प्रदेशमा आलुको उत्पादन स्थिति | |
|---|---|
| **विवरण** | **परिमाण मे.ट.** |
| उत्पादन | १,३८,३१४ |
| उपभोग राष्ट्रिय औसतमा | ५१,१८२ |
| सन्तुलन | ८७,१३४ |

**तालिका २५ : कर्णाली प्रदेशमा उत्पादन भएको आलुको जिल्लागत विवरण**

| आलु | | | |
|---|---|---|---|
| जिल्ला | क्षेत्रफल हेक्टरमा | उत्पादन मे.ट.मा | उत्पादकत्व केजी प्रति हेक्टरमा |
| डोल्पा | ९०० | १०४६५ | ११६२८ |
| मुगु | ५८७ | ५६२३ | ९५७९ |
| हुम्ला | १०२४ | ७७८४ | ७६०२ |

| | | | |
|---|---|---|---|
| जुम्ला | २६०० | २६५०० | १०१९२ |
| कालिकोट | १५२१ | १७८१३ | ११७११ |
| रुकुम | ७९६।५ | ११७६५ | ७३८५ |
| सल्यान | ८७२ | ८३४९।६ | ९५७५ |
| जाजरकोट | ७२० | ५७७७ | ८०२४ |
| दैलेख | १६७० | १८७१७ | ११२०८ |
| सुर्खेत | ११७७ | २५५२० | २१६८२ |
| प्रदेशको कुल | ११८६७५ | १३८३१३।६ | ११६५५ |
| **नेपालको कुल** | **१९४११५** | **२६९१०३७** | **१३८६३** |
| प्रदेशको हिस्सा प्रतिशतमा | ६ | ५ | |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

**तालिका २६ : नेपालको आलु आयातको विवरण**

| नेपालको आलु आयातको विवरण | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
| भारत | ३६०,२९७ | ५।९५ | ९६।३४ | १६।५० |
| बँगलादेश | १७,४७९ | ०।२३ | ३।६६ | १२।९४ |
| अन्य | १ | ०।०० | ०।०० | २४।१४ |

*श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७४/७५*

नेपालको प्रमुख तरकारीमा आलु पनि पर्दछ । विश्वको कुल आलु उत्पादनमा नेपालको हिस्सा २६ औं स्थान सहित नेपालको कुल हिस्सा करीव ०.७ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कर्णाली प्रदेशमा आलु उत्पादन १ लाख ३८ हजार ३ सय १४ मे.ट रहेको छ । कुल आलु उत्पादन क्षेत्रफलमा कर्णाली प्रदेशको हिस्सा ६.११ प्रतिशत र कुल देशको उत्पादनमा ५.१३ प्रतिशत रहेको छ भने व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्क अनुसार आ.व. २०७४/७५ मा नेपालले करिब रु.६.१८ अर्ब बराबरको ३७,७७७७ मे.ट. आलु अन्य मुलुकबाट आयात गरेको देखिन्छ ।

## (४) स्याऊ



नेपालको स्याऊ उत्पादनमा उपलब्ध क्षेत्रफल मध्ये कर्णाली प्रदेशको हिस्सा ६६ प्रतिशत रहेको छ भने कुल उत्पादित क्षेत्रफलमा यस प्रदेशको हिस्सा ५४ प्रतिशत रहेको छ । मुलुकको कुल स्याउ उत्पादनमा कर्णाली प्रदेशको हिस्सा ४१ प्रतिशत

रहेको छ । मुलुकको औसत राष्ट्रिय स्याऊ उत्पादकत्वलाई कायम गर्दै र स्याऊ उत्पादन हुने सबै क्षेत्रफलमा स्याऊ खेती विस्तार गर्न सक्ने हो भने यस प्रदेशमा करिव ४१ हजार मे.ट. थप स्याऊ उत्पादन हुन सक्दछ । यसरी उत्पादन हुने स्याऊले मुलुकको स्याऊ आयातको ठूलो हिस्सा प्रतिस्थापन गर्न सक्ने र अन्तरप्रदेश व्यापार हुने सम्भावना देखिन्छ ।



**तालिका २७ : जिल्लागत स्याउ उत्पादनको विवरण**

| जिल्ला | उपलव्ध क्षेत्रफल हेक्टरमा | स्याऊ उत्पादन भईरहको क्षेत्रफल | उत्पादन मे.ट.मा | उत्पादकत्व केजी प्रति हेक्टरमा |
|---|---|---|---|---|
| डोल्पा | ९५० | ३१५ | १,१५० | ३।६५ |
| मुगु | १,०९० | ३१४ | १,३४६ | ४।२९ |
| हुम्ला | ४९० | १९० | ७७१ | ४।०६ |
| जुम्ला | ३,३२५ | ८५० | ३,५०० | ४।१२ |
| कालिकोट | १,५०० | २१२ | ८३६ | ३।९४ |
| रुकुम | २३३ | ११३ | ४६३ | |
| सल्यान | ६४ | | | |
| जाजरकोट | १३५ | | | |
| दैलेख | ७३ | | | |
| सुर्खेत | १९ | | | |
| प्रदेशको कुल | ७,८७९ | १,९९४ | ८,०६६ | ४।०५ |
| **नेपालको कुल** | १२,०१५ | ३,७०७ | १९,८५० | ५।३६ |
| प्रदेशको हिस्सा प्रतिशतमा | ६६ | ५४ | ४१ | |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

### तालिका २८ : नेपालको स्याऊ आयातको विवरण

| नेपालको स्याऊ आयातको विवरण | | | | |
|---|---|---|---|---|
| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
| चीन | ७९,८७७ | ४।६७ | ८३।९ | ५८ |
| भारत | १२,४८८ | ०।८७ | १५।७ | ७० |
| अन्य | १९३ | ०।०३ | ०।५ | १४० |

*श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७४/७५*

हाल नेपालले चीन, भारत लगायतका अन्य मुलुकबाट करिब रु.५.५७ अर्ब रुपैंया बराबरको ९२,५५८ मे.ट. स्याऊ आयात गरिरहेको माथिको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आ.व २०७४/७५ को तालिकाबाट देखिन्छ। प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको दस्तावेज २०७३/७४ मा जुम्लालाई स्याउ खेतीको लागी सुपर जोनमा राखिएको छ। यसरी स्वदेशमा नै स्याउ खेतीलाई विस्तार गर्न सक्ने हो भने प्रदेशलाई स्याउ तर्फ आत्मनिर्भर गराउन समेत सकिने देखिन्छ।

**(५) ऊनः**

कर्णाली प्रदेश भेडा पालनको केन्द्रको रुपमा रहेको छ। नेपालको कुल भेडाको संख्यामा यस प्रदेशको हिस्सा ४९ प्रतिशत र ऊन उत्पादनमा यस प्रदेशको हिस्सा ३६ प्रतिशत रहेको छ भने प्रति भेडा औसत ऊन उत्पादन ०.७४ केजी रहेको छ। न्युजीलेण्डको प्रतिभेडा प्रति वर्ष उत्पादन ५.४ केजी रहेको सन्दर्भमा उक्त स्तर कायम गर्ने गरी यस प्रदेशमा भेडापालन क्षेत्रको विकास गर्ने हो भने यस प्रदेशमा मात्रै करिव १ हजार २ सय मे.ट. थप ऊन उत्पादन गर्न सकिन्छ। यसबाट ठूलो परिमाणमा ऊनको आयायत प्रतिस्थापन गर्न सकिने अवस्था देखिन्छ। जसबाट आयात प्रतिस्थापन हुँदै व्यापार घाटा न्यूनिकरण गर्नमा टेवा पुग्न जान्छ।





**तालिका २९ : जिल्लागत रुपमा ऊनको उत्पादन विवरण**

| ऊन | | | |
|---|---|---|---|
| **जिल्ला** | **भेडाको संख्या** | **ऊन के.जी** | **उत्पादकत्व केजी प्रति भेडा** |
| डोल्पा | ३४०१८ | २५०७८ | ०।७४ |
| मुगु | ४६०४५ | ३३८९० | ०।७४ |
| हुम्ला | २९१०१ | २१६२२ | ०।७४ |
| जुम्ला | ७०६७० | ५५५७० | ०।७९ |
| कालिकोट | ३३७०५ | २३००० | ०।६८ |
| रुकुम | १४००७ | १०४०७ | ०।७४ |
| सल्यान | १५४६२ | ११४८८ | ०।७४ |
| जाजरकोट | २४३२६ | १८०७४ | ०।७४ |
| दैलेख | १४७७४ | १०९७७ | ०।७४ |
| सुर्खेत | ७०२५ | ५२२० | ०।७४ |
| प्रदेशको कुल | २८९१३३ | २१५३२६ | ०।७४ |
| **नेपालको कुल** | ८०१९७५ | ५९४३१२ | ०।७४ |
| प्रदेशको हिस्सा प्रतिशतमा | ४९ | ३६ | |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०७३/७४*

**तालिका ३० : नेपालको ऊन आयातको विवरण**

| देश | परिमाण मे.ट.मा | मूल्य रु अर्बमा | प्रतिशत हिस्सा | प्रति केजी मूल्य रु मा |
|---|---|---|---|---|
| चीन | १,५१० | २।१७ | ६५।४६ | १,४३९ |
| न्युजीलेण्ड | २,४९१ | ०।७३ | २१।९१ | २९२ |
| भारत | १,४४२ | ०।२९ | ८।७३३ | २०१ |
| अन्य | ९७ | ०।१३ | ३।८९२ | १,३२६ |
| कुल | ५,५४० | ३।३२ | १०० | ५९९ |

*श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७४/७५*

कर्णाली प्रदेशका हिमाली जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला, जाजरकोट लगायतका जिल्लाहरुमा चरण क्षेत्र प्रशस्त रहेकाले भेडापालन व्यावसायको प्रचुर संभावना रहेको छ । यस क्षेत्रमा भेडा पालनलाई विस्तार गर्दै लैजान सकेमा हाल नेपालले चीन, न्यूजल्याण्ड, भारत लगायतका मूलूकहरुबाट आयात गरिरहेको ऊनलाई प्रतिस्थापन गर्दै व्यापार घाटा न्यूनिकरणमा सहयोग हुन जान्छ ।

जुम्लामा रहेको सरकारी भेडी फार्मले हाल ब्राजिल लगायत अन्य देशहरुबाट उन्नत जातका भेडा ल्याई ऊन उत्पादनको गुणात्मक वृद्धिका लागि निरन्तर प्रयास गरिरहेको छ । यसरी हाल कृषकाले पालन गरिरहेका भेडाहरुबाट औषतमा कम उत्पादन हुँदै आएकोले पनि उन्नत जातका भेडाहरु ल्याई भेडा

पालन व्यावसाय विस्तार गर्न सकिने देखिन्छ । भेडाका ऊनहरुबाट खासगरी फेल्टका सामाग्री, गलैंचा, सोईटर, मफलर, मोजा लगायतका ऊनीजन्य समाग्रीहरु निर्माण हुँदै आईरहेको पाईन्छ ।

### (६) अदुवा



अदुवा खेतीका लागि समुद्र सतहबाट ६ सयदेखि १ हजार ६ सय मिटरसम्म उचाइ भएको मध्यपहाडी भू-भाग उपयुक्त हुन्छ । इलाम, पाल्पा, सल्यान, नवलपरासी, डोटी, मोरङ, अर्घाखाँची, तनहुँ, कास्की, स्याङ्जा र भोजपुर अदुवा उत्पादन हुने प्रमुख जिल्ला हुन् ।



अदुवा औद्योगिक बालीका रूपमा परिमार्जित हुँदै गएको छ । पछिल्ला वर्षमा जुस, क्याण्डी, बास्नादार तेल तथा स्याम्पुमा अदुवाको प्रयोग हुन थालेको छ । आयुर्वेदिक औषधि तथा शृङ्गारका सामग्री बनाउन पनि यसको प्रयोग बढेको छ । औषधि तथा मसलाका रूपमा बढी प्रयोग हुने अदुवाको व्यावसायिक खेती नेपालमा ६५ जिल्लामा व्यावसायिक खेती शुरू भइसकेको छ ।

### अदुवाको प्रयोग

अदुवा खास गरेर मसलाको रूपमा प्रयोग गरिन्छ । आयुर्वेदिक औषधि, बिस्कुट, केक, पाउरोटी, वियर, मदिरा आदिमा पनि प्रयोग गर्ने गरिन्छ । खोकी लागेको, रुघा लागेको, अपच, निमोनिया, श्वासको समस्या, पेट दुखेको, स्वर बसेको, जोर्नी दुखेको लगायत अन्य थुप्रै समस्याको निदानका

लागि अदुवालाई औषधिका रूपमा प्रयोग गर्ने गरिन्छ । ताजा अदुवालाई सोझै अथवा सुठोको धुलोका रूपमा प्रयोग गर्ने गरिन्छ ।

**नेपालमा अदुवाको उत्पादन स्थितिः**

नेपालमा आ.व २०७० र ७१ मा अदुवा २४२२६ हेक्टर क्षेत्रफलमा २७६१५० मे.ट. उत्पादन भई ११.४० मे.ट./हे. उत्पादकत्व रहेको देखिन्छ । अदुवाको उत्पादन तथा उत्पादकत्व उल्लेख्य रुपषले बढेको देखिदैन । उक्त तथ्यांक अनुसार उत्पादन क्षेत्रफल आ.व. २०७०/७१ देखी आ.व. २०७२/७३ सम्म क्रमशः घट्दै गएको अवस्थामा उत्पादकत्व समग्रमा बढेको देखिन्छ। त्यसैगरी आ.व. २०७३/७४ को तुलनामा आ.व. २०७४/७५ मा उत्पादन क्षेत्रफल घटेको भएता पनि उत्पादकत्व बढेको देखिन्छ । आ.व २०७०/७१ मा अदुवा २४२२६ हेक्टर क्षेत्रफलमा २७६१५० मे.ट. उत्पादन भई ११.४० मे.ट./हे. उत्पादकत्व रहेको देखिन्छ । अदुवाको उत्पादन तथा उत्पादकत्व उल्लेख्य रुपले बढेको देखिदैन । उक्त तथ्यांक अनुसार उत्पादन क्षेत्रफल आ.व. २०७०/७१ देखी आ.व. २०७२/७३ सम्म क्रमशः घट्दै गएको अवस्थामा उत्पादकत्व समग्रमा बढेको देखिन्छ । त्यसैगरी आ.व. २०७३/७४ को तुलनामा आ.व. २०७४/७५मा उत्पादन क्षेत्रफल घटेको भएता पनि उत्पादकत्व बढेको देखिन्छ ।

अदुवालाई प्रशोधन गरेर विभिन्न प्रकारका सुगन्धित तेल बनाउन सकिन्छ भने अर्कोतर्फ पाउडर, क्याण्डी, सूठो आदिको रुपमा पनि प्रशोधन गरी तयार गर्न सकिन्छ । नेपालको सम्पूर्ण अदुवा उत्पादन क्षेत्रमा खेती विस्तार गर्न सकेमा उत्पादनमा उल्लेख्य मात्रामा वृद्धि गर्न सकिने देखिन्छ । नेपालमा उत्पादन भएको अदुवालाई कच्चा पदार्थको रुपमा नभई मूल्यअभिवृद्धि गरेर निकासी गर्ने हो भने यसले चुलिँदो व्यापार घाटा कम गर्न केहि हदसम्म भएपनि सहयोग पुग्न जान्छ ।

**तालिका ३१ : नेपालको अदुवाको उत्पादन विवरण**

| आ.व. | क्षेत्रफल हे. | उत्पादन मे.ट. | उत्पादकत्व मे.ट./हे |
|---|---:|---:|---:|
| २०७०/७१ | २४२२६ | २७६१५० | ११.४० |
| २०७१/७२ | २३८२६ | २४२५४७ | १०.१८ |
| २०७२/७३ | २१८६९ | २७१८६३ | १२.४३ |
| २०७३/७४ | २२६४९ | २७९५०४ | १२.३४ |
| २०७४/७५ | १९६४९ | २४४२९६ | १२.४३ |

*श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय २०१९*

### प्रदेशमा अदुवाको उत्पादन स्थितिः

आ.व. २०७३/७४ को तथ्यांक अनुसार कर्णाली प्रदेशमा कुल २९३६ हेक्टर क्षेत्रफलमा अदुवा खेती भई १२.८२ उत्पादकत्व रहन गएको छ भने ३७,६९१ मे.ट उत्पादन भएको देखिन्छ । जुन राष्ट्रिय उत्पादकत्व १२ मे.ट. भन्दा माथि रहेको छ ।

**तालिका ३२ : कर्णाली प्रदेशमा उत्पादन भएको अदुवाको विवरण**

| उत्पादन क्षेत्रफल हे. | उत्पादन मे.ट. | उत्पादकत्व मे.ट./हे. |
|---|---|---|
| २९३६ | ३७,६९१ | १२.८२ |

**तालिका ३३ : अदुवा आयात गर्ने देशहरुको विवरण**

Product : 091011 Ginger, neither crushed nor ground

| देश | आयात मुल्य २०१८ (USD हजार) | आयात परिमाण, २०१८ | परिमाण ईकाइ | ईकाइ मुल्य (USD/unit) |
|---|---|---|---|---|
| **विश्व** | **८४७१३२** | **७१६५४६** | **टन** | **११८२** |
| यु.एस.ए. | ११२५९२ | ८४७०१ | टन | १३२९ |
| नेदरल्याण्ड | ९९४९५ | ७३०२४ | टन | १३६२ |
| जापान | ८६८०५ | ५९१२७ | टन | १४६८ |
| पाकिस्तान | ८२४७० | ९२७९९ | टन | ८८९ |
| जर्मनी | ४५४२० | १७५७७ | टन | २५८४ |
| बेलायत | ३३३८९ | २२९२१ | टन | १४५७ |
| बंगलादेश | ३३२८३ | ५३८२६ | टन | ६१८ |
| यु.ए.ई | ३०७३३ | ४२२३४ | टन | ७२८ |
| सोभियत रुस | २५३९७ | १०४६६ | टन | २४२७ |
| क्यानडा | २४५०० | १६७७२ | टन | १४६१ |
| भियतनाम | २२०७१ | २३७४६ | टन | ९२९ |
| साउदी अरब | २१३८३ | २७४२७ | टन | ७८० |
| मलेसिया | २०८०५ | २७७७५ | टन | ७४९ |
| भारत | १८८९९ | २१२४९ | टन | ८८९ |

*श्रोतः विश्वव्यापार संगठन (ITC Trade map)*

नेपालमा उत्पादन भएको अधिकांश अदुवा भारत निकासी हुने गरेको छ । सन् २०१८ को विश्व व्यापार संगठनको ट्रेड म्यापको डाटालाई हेर्दा सबैभन्दा धेरै अदुवा आयात गर्ने देश यु.एस.ए. रहेको छ भने सबै भन्दा बढी प्रतिटन मुल्यमा अयात गर्ने जर्मनी रहेको देखिन्छ। भारतले प्रति टन मुल्या ८८९ यु.एस.डलरका दरले अदुवा खरीद गरेको देखिन्छ जर्मनीले प्रति टन मुल्य २५८४ यु.एस.डलरमा खरीद गरेको देखिन्छ । यसबाट नेपाली अदुवालाई जर्मनीको बजारमा निकासी गर्न सकिने हो भने अधिक मुल्य प्राप्त हुन सक्ने देखिन्छ। यसबाट व्यापार घाटा कम गर्न सहयोग पुग्न जाने देखिन्छ।

## जडिवुटी (Medicinal Herbs)

***H.S. Code:***



हिमाली र उच्च पहाडि भु-बनोटबाट सिङ्गारिएको देश नेपालमा प्रशस्त उच्च हिमश्रङ्खला एवं उर्वर भूमि प्रशस्त मात्रामा रहेको छ । देशको ७ वटा प्रदेश मध्येमा कर्णाली प्रदेश जडिबुटीको खानीको रुपमा परिचित छ । यहाँका उच्च हिमाली भेगहरुमा विश्वमै दुलभ मानिने यार्सागुम्बा, पाँचऔले, सिलाजित, जटामसि, चिराईतो, सुगन्धवाल लगायतका जडिबुटीहरु प्रशस्त मात्रामा रहेको छ । यसरी प्राप्त हुने जडिबुटीहरुको खेती प्रणाली अपनाउन ढिला गरी स्वतः प्रकृतिमा उपलब्ध जडीबुटीमा मात्र निर्भर रहेमा कालान्तरमा केही जडिबुटीहरु लोप हुन सक्ने हुँदा प्रदेशलाई मात्र नभएर राष्ट्रलाई नै घाटा हुन जाने देखिन्छ । तसर्थ जडिबुटीहरुको संरक्षण गदै कालान्तरसम्म निकासी गर्नको लागि व्यावसायीक जडिबुटी खेती प्रणाली तत्काल लागु गर्नुपर्ने देखिन्छ । विश्ववजारमा सन् २०१४ मा जडिवुटीको २९३ करोड यु.यस.डलर वरावरको निकासी भएकोमा नेपालबाट १ करोड ३० लाख अर्थात विश्ववजारको कुल निकासीको ०.४४ प्रतिशत भएको देखिन्छ। यसै गरी नेपालबाट २०१५ मा ०.२०% ,२०१६ मा ०.२३% ,२०१७ मा ०.२७% र २०१८ मा ०.३३% विश्वमा निकासीको हिस्सा रहेको देखिन्छ। जडिवुटीको निकासी रकममा सन् २०१५ मा केही घटेको भएतापनि सन् २०१६ देखि पुन बढदो क्रममा निकासी भएको देखिएको हुदा जडिवुटीको व्यापार नेपालको पक्षमा रहेको पाइन्छ।

**तालिका ३४ : विश्व बजारमा जडिबुटीको निर्यातको अवस्था**

युनिटः यु.एस. डलर, हजारमा

| निर्यातकर्ता देश | निर्यात मुल्य, २०१४ | निर्यात मुल्य, २०१५ | निर्यात मुल्य, २०१६ | निर्यात मुल्य, २०१७ | निर्यात मुल्य, २०१८ |
|---|---|---|---|---|---|
| **विश्व** | **२,९३३,३२०** | **२,५९१,०३९** | **२,६०४,७५३** | **२,७०३,१३६** | **२,७७८,४०१** |
| चीन | १,१०७,५०७ | ९०२,५६० | ८४२,४५२ | ८२५,११० | ६८९,००५ |
| भारत | २३८,७०५ | २३७,३०३ | २५९,३३२ | २९१,९४६ | ३०८,७०६ |
| जर्मनी | १५९,८६० | १५०,८४१ | १५०,४३९ | १७३,५९१ | १८६,९१४ |
| यु.एस.ए. | ८९,५७६ | ८४,०८८ | १११,८१५ | ११४,५७८ | १३२,४३९ |
| ईजिप्ट | १३०,३८८ | ११८,७२० | ११९,१०७ | ११४,४०३ | ११०,४९७ |
| स्पेन | ७१,६०४ | ६९,१६५ | ८१,९०० | ८६,७५८ | ८७,६५० |
| नेपाल | १२,९०९ | ५,२६५ | ६,१२० | ७,३०१ | ९,२०९ |
| नेपालको योगदान हिस्सा % मा | ०।४४ | ०।२० | ०।२३ | ०।२७ | ०।३३ |

*श्रोतःTEPC/ITC*

### तालिका ३५ : विश्व बजारमा जडिबुटीको आयातको अवस्था

युनिटः यु.एस. डलर, हजारमा

| आयातकर्ता देश | आयात मुल्य, २०१४ | आयात मुल्य, २०१५ | आयात मुल्य, २०१६ | आयात मुल्य, २०१७ | आयात मुल्य, २०१८ |
|---|---|---|---|---|---|
| **World विश्व** | **२,७५५,३०५** | **२,५१८,१२६** | **२,५३४,९०९** | **२,६५१,७६९** | **२,८८८,२९७** |
| यु.एस.ए. | ३६०,०१० | ३५४,२०१ | ३६१,७७३ | ३७०,४३६ | ४१३,९३० |
| जर्मनी | २६०,२३२ | २३७,१३७ | २५०,६०० | २८०,६९० | ३३०,६४५ |
| जापान | २२८,२३६ | २०६,७३७ | २०६,०३७ | २०८,९७५ | २१२,४०४ |
| ताईपेई, चीन | ८४,७५१ | ९७,२२७ | १०९,४९३ | १०६,५१६ | १२३,१९३ |
| हङकङ,चीन | १३५,८०२ | ११६,५१२ | १११,५१८ | ९८,५६१ | १११,२५४ |
| भारत | ६८,५०० | ६९,१४९ | ६९,६६३ | ६०,७३५ | ७८,९९४ |
| चीन | १७०,८२५ | ९६,९७१ | ६६,६०३ | ५०,५०१ | ७२,७४४ |
| भियतनाम | २६,७११ | ३२,२६९ | २०,९१२ | २६,३६० | ६९,४६६ |

*श्रोतःTEPC/ITC*

लक्षित वजारः नेपालमा उत्पादन एवं सङकलन भएका अधिकांस जडिबुटीहरु भारत निकासी हुने गरेको छ । माथिको तालिकाबाट विश्वको जडिबुटी आयातको सन् २०१४ देखी २०१८ सम्मको तथ्यांक अध्ययन गर्दा अमेरिका, जर्मनी ,हङ्गकङ्ग, जापान, ताइपेइ-चिन, र हङकङ्ग-चिनले विश्वबाट जडिवुटीको ठुलो हिस्सा आयात गरेको देखिएकोले भारतको अलावा उल्लेखित वजारमा नेपाली जडिवुटी निकासी गर्न उपयुक्त हुने देखिन्छ ।

## खाद्यवस्तुहरु निर्यातमा गुणस्तरका प्रावधानहरु :

### ट्रेसेबिलिटी सम्वन्धी प्रावधानहरु

खाद्य सुरक्षा धेरै देशहरुका नागरिकहरुका लागि बढ्दो सरोकारको विषय भएको छ। जनावरमा लागेका रोगहरु र खाद्य वस्तुहरुमा प्रयोग हुने विषादीले खाद्य सुरक्षालाई प्रभावित गरिहेको सन्दर्भमा प्रदुषित खाद्य सामाग्रीहरुको पहिचान हुनु अति आवश्यक भई सकेको छ । यसैका लागि खाद्य वस्तुहरुमा Traceability को अवधारणाको विकास भई विभिन्न विकसित देशहरुले यस अवधारणालाई आफ्नो मुलुकको खाद्य आपूर्ति प्रणालीको अभिन्न अँगका रुपमा अँगीकार गरेका छन् ।

आइ.एस.ओ. अनुसार Traceability भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन र वितरण प्रक्रियाको गतिलाई अनुगमन गर्ने प्रक्रिया हो भन्ने बुझिन्छ । Traceability प्रणालीले उत्पादन, प्रशोधन र वितरण प्रक्रियामा हरेक तहको सूचनाहरु समावेश गरेको हुनाले यो प्रणाली लागु गरेको खण्डमा उत्पादित खाद्य वस्तुहरुको विश्वसनियतामा वृद्धि भई उक्त वस्तुहरुको निर्यात सहज हुने देखिन्छ।

युरोपियन युनियन, संयुक्त राज्य अमेरिका, जापान, अष्ट्रेलिया, क्यानडा लगायतका विकसित देशहरुमा Traceability प्रणाली लागु गरी खाद्य वस्तुको गुणस्तरसम्वन्धी एकीन गर्ने व्यवस्था भएको हुँदा नेपालले पनि खाद्य वस्तुको उत्पादन, प्रशोधन, ढुवानी, भण्डारण र वितरण लगायतका क्षेत्रमा Traceability प्रणालीलाई लागु गर्नु आवश्यक देखिन्छ । यसका लागि उत्पादक कृषक, संकलक, प्रशोधन उद्योग, ढुवानीकर्ता र वितरकहरुलाई Traceability प्रणालीमा पोख्त बनाउन उनीहरुको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ।

### अन्य गैर भन्सार मापनहरु

**(१) भारतमा खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ।**

(क) भारतीय खाद्य प्रयोगशालाको प्रमाणपत्र लिन जरुरी छ।

(ख) घ्यू, तेल र प्रशोधित खाद्यवस्तुहरु निर्यात गर्दा भारतीय Food Safety and Standards (Packaging and Labelling) Second Amendment Regulations, 2013 को प्रावधान बमोजिम fat content उल्लेख गर्नु जरुरी छ।

(ग) General Grading and Marking Rules, 1988 को प्रावधान बमोजि कृषि उत्पादनको गुणस्तरका बारेमा लेबलिङको व्यवस्था गरिएको हुनपर्दछ ।

(घ) Food Safety and Standards (Food Import) Regulations, 2016 को प्रावधान अनुसार हरेक खाद्यान्नको प्याकेटमा अनिवार्य रुपमा मिति सहितको म्याद तोकिएको हुनुपर्दछ ।

(ङ) Food Safety and Standards (Packaging and Labelling) Regulations, 2011 को प्रावधान अनुसार प्याकेजिङ स्टाण्डर्ड, पोषक तत्व, खुद परिमाण, उत्पादन मिति, मांशाहारी पदार्थ प्रयोग भएको भए सो समेत उल्लेख गरी उत्पादनको नाम र ठेगाना तथा प्रयोग गरी सक्नुपर्ने मिति समेत स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्दछ ।

(च) क्वारेण्टाइन सम्वन्धी प्रावधानहरु

**(२) ई.यु.का देशहरुमा खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ**

(क) युरोपियन कमिशनको MRLs सम्वन्धी प्रावधानहरु

(ख) इयु देशहरुमा खाद्य वस्तुको गुणस्तर निश्चित गर्न लागु गरेको Traceability सम्वन्धी प्रावधानहरु

(ग) खाद्य वस्तुहरुको लेवलिङ सम्वन्धी देहायका प्रावधानहरुः

- Allergens in the list of ingredients;
- Energy value
- The amounts of fat, saturates, carbohydrate, sugars, protein and salt

(३) मुस्लीम देशहरुमा खाद्य वस्तुहरु निर्यात गर्दा हलाल प्रमाणपत्र अनिवार्य रुपमा आवश्यक हुन्छ ।

(४) चीनतर्फ निर्यात गर्दा Import and Export Commodity Inspection Law of the Peoples Republic of China, मा उल्लेखित प्रावधानहरु पुरा गनपर्ने हुन्छ ।

(५) संयुक्त राज्य अमेरिकामा खाद्य सामाग्रीहरु निर्यात गर्दा त्यहाँको Food & Drug Administration Act मा उल्लेखित प्रावधानहरु पुरा गर्नपर्ने हुन्छ ।

## व्यापार सम्वद्ध सरोकारका विषयहरु :

### व्यापार प्रवर्द्धनमा सूचना प्रणालीको स्थापना

- मुलुकबाट निर्यात गर्न सकिने उपलव्ध वस्तु तथा सेवाहरुको व्यवस्थित सूचना प्रवाह हुन अति जरुरी छ । यस्तो सूचना प्रणालीले सूचना र भूगोल एवं प्रयोगकर्तावीच जुन सम्वन्ध स्थापित गर्ने गर्दछ त्यसले स्थान विशेषका विशेषताहरु, सूचनाहरु, तथ्याँकहरु प्रयोगकर्ताका लागि उपलव्ध गराउँछ । स्थानीय क्रेता र वाहिरका विक्रेताहरुलाई जोड्ने, स्थानीय उत्पादनहरुलाई सूचना प्रविधिको विश्वव्यापी सञ्जालमा जोड्दै मूलप्रवाहीकरण गर्ने यो कार्य गर्ने उपयुक्त माध्यमहरु मध्ये स्थानीय स्तरमा उपलव्ध वस्तु तथा सेवाहरुको भौगोलिक सूचना प्रणालीको स्थापना गर्ने, व्यवस्थित रुपमा स्थानीय र प्रदेशस्तरमा विद्युतीय संस्करणहरुमा तथ्याँक, सूचना र गतिविधिहरु प्रवाह गर्ने तथा मुलुकभित्र र वाहिरका क्रेता र विक्रेताहरुवीच भिडियो कन्फरेन्सको आयोजना गर्ने तथा मेला प्रदर्शनीहरुको नियम आयोजना गर्ने विषयहरु पर्दछन् । यी विषयहरुमा प्रदेश र स्थानीय तहहरुमा अलग्गै संयन्त्र बन्नु आवश्यक छ ।

### नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्राप्त सुविधाहरुको जानकारी

- नेपाली निर्यातजन्य वस्तुहरुलाई अन्य देशहरुले प्रदान गरेका जि.एस.पी. सुविधा, शून्य भन्सारको सुविधा, विशेष आवधिक सहुलियतहरुका बारेमा प्रदेशस्तर र स्थानीय स्तरका उद्यमी व्यवसायीहरुलाई सहज जानकारीको व्यवस्थाको अभावमा उनीहरु निर्यात व्यापारमा प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता जानकारीहरु प्रदेशभित्रका सबै व्यावसायीहरुलाई दिने व्यवस्था गर्नु पर्ने विषय अर्को सराकोरको विषय हो ।

### निर्यात व्यापारमा नेपाललाई प्राप्त सुविधाहरु

(१) सामान्य ग्राह्यता प्रणाली

(२) शुन्य भन्सार दरको सुविधा

(३) इयु, स्वीट्जरलेण्ड, नर्वे र टर्कीमा नेपाली उत्पादनहरुलाई रेक्स सुविधा

(४) ७७ वटा विभिन्न नेपाली उत्पादनहरुलाई संयुक्त राज्य अमेरिकाबाट प्राप्त विशेष सहुलियतयुक्त भन्सार छुटको सुविधा

(५) चीन सरकारले नेपाललाई प्रदान गरेको ८०३० वस्तुमा भन्सार छुट सुविधा

(६) नेपाल, भारत र बँगलादेशका बन्दरगाहसम्मको सहज पहुँच

(७) विश्व व्यापार संगठन, साफ्टा सदस्यहरुमा नेपाली उत्पादनलाई अवसर प्रदान

## व्यावसायी वातावरणमा सुधार सम्वन्धी विषयहरुः

विश्व वैकले प्रकाशित गरेको नेपालाको व्यावसायिक वातवारण सुचकाँकको अवस्था सन्तोषजनक छैन । प्रक्रिया, नियम कानुन नीति, रणनीति, कार्यक्रम, बजेट, कार्ययोजना प्रतिस्पर्धाको स्तर, प्रतिस्पर्धात्मक वातावरण, सुशासन (कानुनको शासन, पारदर्शिता, सहभागिता, उत्तरदायित्व, जिम्मेवारीपना, समता, समानता, समावेशिता), सुरक्षा, श्रम उद्योगी सहसम्वन्ध, उद्यमशील संस्कार, क्षेत्रगत सूचकाँकहरुको स्थितिले व्यापार प्रवर्द्धन सम्वद्ध वातावरण निर्धारण गर्दछ । उक्त प्रतिवेदनले उजागर गरेका विषयहरुमा प्रदेशस्तरमा सुधार गर्न सकिने विषयहरुमा प्रदेश सरकारहरुले पहलकदमी लिन जरुरी छ । यस्ता पहलकदमीले प्रदेशस्तरमा व्यवसाय गर्ने वातावरणमा सुधार आई वैदेशिक व्यापारको व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

## कृषि अनुदान र प्रोत्साहन सम्वन्धी विषयः

- आफ्ना मालवस्तु तथा सेवाहरुलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन कृषि लगायतका क्षेत्रमा विश्व भरी नै संरक्षणात्मक उपायहरु अँगीकार गर्ने प्रचलन रहेको छ । नेपाली उत्पादनहरुलाई पनि संरक्षणात्मक उपायहरुका माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धी बनाउन जरुरी छ । यस विषयलाई प्रदेश सरकारहरुले उपयुक्त नीतिबाट संवोधन गर्न जरुरी छ ।

## व्यापार सम्वद्ध पूर्वाधारमा लगानीः

- निर्यात प्रवर्द्धनमा व्यापार सम्वद्ध पूर्वाधार अति महत्वपूर्ण विषयका रुपमा रहेको छ । संस्थागत पूर्वाधारतर्फ भन्सार, गोदाम, गुणस्तर नियमन तथा नियन्त्रण निकायहरु, शैक्षिक तथा सीपमुलुक तालीम केन्द्रहरु, निजीक्षेत्रका सँघसंस्थाहरु (वस्तुगत, प्रतिनिधिमुलुक संघसंस्थाहरु, निर्यातक सँघ, आयातक सँघ) पर्दछ भने भौतिक पूर्वाधारतर्फ सडक, विजुली, वन्दरगाह, भन्सार

विन्दू, सूचना र प्रविधि, विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र र औद्योगिक क्षेत्र जस्ता संरचनाहरु पर्दछन् । यी दुवै क्षेत्रमा प्रदेश सरकारले आफ्ना तर्फबाट संवोधन गर्ने विषयमा संलग्न हुन जरुरी छ । विशेष गरी न्युन साधनश्रोत भएका भन्सारविन्दूहरु भएका प्रदेशका भन्सारविन्दूहरुलाई साधानश्रोतयुक्त बनाउने विषयलाई सँघ र प्रदेश सरकारले संयुक्त पहलबाट सम्वोधन गर्न जरुरी छ ।

**लजिष्टक सेवामा सुधारः**

- व्यापार प्रवर्द्धनको अर्को महत्वपूण विषय भनेको उत्कृष्टस्तरको लजिष्टिक सेवा पनि हो । अवरोधविहीन यातायात, वेष्टन, बहुविधिक यातायात, समय व्यवस्थापन, भन्सार, लजिष्टक सेवा, समय, वैदेशिक कार्गो सिपमेन्टको दक्षता र  सहजता, लजिष्टिकजन्य संरचना र ट्रयाकिङ प्रणालीहरु पर्दछन् । लजिष्टक सेवा जति चुस्त, दुरुस्त र गतिशील हुन्छ मुलुकको निर्यात व्यापार पनि त्यत्तिकै सहज र मूल्यमैत्री हुन्छ । यस विषयमा पनि सँघ र प्रदेशले संयुक्त पहल लिन जरुरी छ ।

**व्यापार सम्वद्ध अनुसन्धानः**

- सरकारका अँगहरु, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रका मेधावीहरुयुक्त संयुक्त समुह बजार अनुसन्धान निर्यात प्रवर्द्धनको महत्वपूर्ण विषय हो । तथ्याँक, सूचना, ज्ञान, मेधा र बुद्धिमत्तामा आधारित निष्कर्षहरु निर्यात प्रवर्द्धनको मष्तिष्क हो जसले निर्यात प्रवर्द्धनका प्रयासका लागि ज्योतिको कार्य गर्दछ,, नीति निर्माताका लागि आँखा, निजीक्षेत्रका लागि हिड्ने बाटो तय गर्ने यो अनुसन्धान कार्य निर्यात प्रवर्द्धनको महत्वपूर्ण अँगका रुपमा रहेको छ ।  यस विषयमा प्रदेशस्तरमा पनि गतिशील संयन्त्रको व्यवस्था हुन जरुरी छ ।

**प्रदेशस्तरको व्यापार सम्वद्ध डाटावेसको व्यवस्थाः**

- प्रदेशस्तरमा हुने उत्पादन, वितरण र एक प्रदेशबाट अर्को प्रदेशमा हुने व्यापार र सम्वन्धित प्रदेशमा उत्पादन भई अन्य प्रदेशका भन्सार विन्दूहरुबाट वस्तुहरु भएर निर्यात हुने वस्तुहरुको अभिलेख राख्ने व्यवस्थाको लागि प्रदेशस्तरमा पनि एउटा संयन्त्र हुन जरुरी छ ताकि प्रदेशबाट

निकासी हुने वस्तुहरुको यथार्थ चित्रण होस् र प्रदेशस्तरमा निकासी प्रवर्द्धनका भावी दिशा तय गर्न वस्तुगत आधार प्राप्त हुन सकोस् ।

**भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क सम्वन्धी विषयहरुः**

- नेपालका धेरै उत्पादनहरु विशिष्ट खालका छन् जसलाई भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क जस्ता विषयबाट संबोधन हुन जरुरी छ । प्रदेश सरकारले यी विधिहरुबाट विशेष पहिचान दिन सक्ने वस्तु तथा सेवाहरुको पहिचान गरी ती वस्तु तथा सेवाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूलप्रवाहमा स्थापित गर्न पहलकदमी लिन आवश्यक देखिन्छ ।

**गुणस्तर सम्वन्धी विषयहरुः**

- नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर सम्वन्धी व्यवस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली उत्पादनहरुहरुलाई लक्षित बजारमा विद्यमान गुणस्तरका प्रावधानहरु अनुरुप गुणस्तरमैत्री बनाउन संस्थागत, कानुनी र जनशक्तिका पक्षमा सुधार, स्तरोन्नत्ति आदि गर्न आवश्यक हुन जान्छ । यी विषयहरुलाई सम्वोधन गर्न प्रदेश सरकारले विशेष व्यवस्था गर्न जरुरी छ ।

**प्रदेशबाट हाल निर्यात भईरहेको वस्तुहरु :**

(क) अदुवा

(ख) विभिन्न प्रकारका जडिबुटीहरु

(ग) प्रशोधित तथा अर्थप्रशोधित रत्नपत्थरहरु

(घ) गलैंचा

(ङ) प्राकृतिक रेशाजन्य वस्तुहरुबाट निर्मित कपडा, कागज

(च) टिमुर

**निर्यात सम्भाव्य वस्तु तथा सेवाहरु :**

(क) बेसार

(ख) प्राकृतिक रेशाजन्य वस्तुबाट निर्मित सामानहरु (अल्लोको कपडा, लोक्ताबाट निर्मित हस्तकलाका सामानहरु)

(ग) मह

(घ) अलैंची

(ङ) दुधजन्य पदार्थ

(च) पर्यटन (रारा ताल, से-फोक्सुण्डो ताल, काँक्रेविहार, बुलबुले ताल, चन्दननाथ मन्दिर, कुभिण्डे दह, यलवाङ्ग गुम्बा, दैलेखको शिरस्थानको ज्वाला आदि)

(छ) खनिजजन्य वस्तुहरु (Lime stone Basic Rock, Dolomite आदि)

**आयात प्रतिस्थापन तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरु :**

(क) जलविद्युत

(ख) स्याउ

(ग) ऊन

(घ) तिते/मिठे फापर

(ङ) मकै, कोदो, गहुँ

(च) आलु

(छ) सिमि

(ज) खनिजजन्य वस्तुहरु (Lime stone Basic Rock, Dolomite आदि)

(झ) मासुजन्य उत्पादन (खसी, बोका, राँगा, भेडा, कुखुरा)

(ञ) मार्सि चामल

## निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरु :

कर्णाली प्रदेशमा निकासी सम्भावना भएका वस्तुहरुमा जडिबुटी, रत्न पत्थर, खनिजजन्य वस्तु प्रमुख रुपमा रहेको छ । यी वस्तुहरु लक्षित बजारमा निकासी गर्न गुणस्तरका प्रावधानहरु पुरा गरेको हुनुपर्ने देखिन्छ । यसै गरी गुणस्तर प्रमाणीकरणलाई लक्षित बजारमा मान्यताप्राप्त गरेको पनि हुनु पर्ने देखिन्छ । सम्वन्धित उद्योगहरुले उत्पादित वस्तुहरुको गुणस्तर प्रमाणीकरण पायक पर्ने स्थानमा हुन नसक्दा निकासीकर्ताहरुलाई समस्या परिरहेको छ । भारततर्फ कृषिजन्य वस्तु निकासी गर्न नेपाल भन्सारको

पारीपट्टिका सीमावर्ती भारतीय भन्सार कार्यालयहरुमा क्वारेण्टाइन कार्यालयहरुको विषय निकासीकर्ताले लामो समयदेखि भोगिरहेको समस्या हो । निकासीजन्य उद्योगहरुमा गरिने व्यापार वित्त व्यवस्थापन पनि सहज हुन सकिरहेको छैन । निकासीकर्ता उद्यमीहरुले चर्को व्याजदरको सामाना गर्नु परिरहेको छ । निकासीजन्य उद्योगलाई चाहिने दक्ष जनशक्तिको कमी पनि टड्कारो देखिन्छ । प्रदेशमास्थित निकासीकर्ता उद्यमीहरुलाई बजारको ताजा सूचनाको प्रवाह पनि हुन सकिरहेको छैन । कृषकहरुलाई समयमै पर्याप्त मल, उन्नत जातको वीऊ, वाह्रमास सिंचाईको सुविधाको कमी, काष्ठउद्योगका लागि चाहिने काठको वृक्षारोपणका लागि चाहिने विरुवा वितरणमा आएको रोकावट जस्ता समस्याका कारण प्रदेशबाट सोंचे अनुसार निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापार हुन सकिरहेको छैन ।

**लागत न्युनीकरणमा प्रदेश सरकारले गर्नुपर्ने सहयोगहरु** :

(क) वाह्य मुलुकहरुमा कृषि उत्पादनहरुलाई प्रतिस्पर्धी बनाउन कृषकहरुलाई विभिन्न किसिमा सहयोग, अनुदान, प्रोत्साहन र संरक्षणको व्यवस्था गरिएको हुन्छ । नेपालको कृषि उत्पादनको प्रतिस्पर्धी भारतीय कृषि उत्पादन सरह प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले पनि आफ्ना कृषकहरुलाई कम्तीमा भारतीय कृषकहरुले पाए सरहरका सुविधाहरु प्रदान गर्नु आवश्यक देखिन्छ ।

(ख) निकासीजन्य उद्योगहरुलाई सहुलियत दरमा व्याजको व्यवस्था गरिनु पनि आवश्यक छ

(ग) सामुहिक कृषि प्रणालीलाई प्रोत्साहन हुने नीति र कार्यक्रमहरु लागु गरिनुपर्दछ

(घ) निश्चित समयावधिका लागि निकासीजन्य उद्योगहरुलाई करहरुमा विशेष छुटको व्यवस्था गरिनुपर्दछ ।

(ङ) उद्योग स्थापनाका लागि चाहिने पूर्वाधारमा सरकारबाट पर्याप्त लगानी गरिनुपर्दछ ।

## निष्कर्ष :

भु-विविधता रहेको यस प्रदेशमा खास गरी जडीबुटीलाई व्यवस्थित रुपमा खेती प्रणालीमा रुपान्तरण गर्नु आवश्यकता खड्किएको छ । जडीबुटीको खेती प्रणाली अपनाउन ढिला गरेमा स्वतः प्रकृतिमा उपलब्ध जडीबुटीमा मात्र निर्भर हुन जाने हुँदा कालान्तरमा केही जडिबुटीहरु लोप हुन सक्ने देखिएकाले प्रदेशलाई मात्र नभएर समग्र राष्ट्रलाई नै घाटा हुन जाने देखिन्छ । त्यसैगरी खाद्य तथा मसला बाली (गहुँ,जौ, मकै, फापर, अदुवा, बेसार), फलफुल (स्याउ, किबी, आरु), तरकारी (आलु, मटर,

काउली, बन्दा, गाजर, सिमि, गोलभेंडा) को उत्पादन हालको भन्दा वृद्धि गर्न सकिने संभावना रहेकोले यस्ता वस्तुहरुको उत्पादन वृद्धि गरेमा प्रदेश उल्लेखित वस्तुहरुमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्न समेत सफल हुनेछ । मनोरम प्राकृतिक छटा प्रशस्त मात्रामा पाईने विभिन्न प्रकारका खानीहरु तथा जल विद्युतको अथाह संभावना बोकेको यस प्रदेशमा पर्यटक आगमनमा विस्तार गर्दै लैजान सकिने प्रवल संभावना रहेको हुनाले भविष्यमा यस प्रदेश अन्य प्रदेशको तुलनामा समुन्नत प्रदेशको रुपमा चित्रण हुन जानेछ । यसै प्रकारले हिन्दुहरुको पवित्र धार्मिक स्थल मानसरोवरको प्रवेशद्वारको रुपमा रहनुले पनि यस प्रदेशमा हिन्दु धर्मालम्बी (भारतीय तिर्थयात्री) हरुको भ्रमण हुने हुँदा पर्यटन क्षेत्रमा थप टेवा पुग्ने देखिन्छ ।

## सुझाव :

(१) उत्पादित माल वस्तुलाई कच्चापदार्थको रुपमा नभई मुल्य अभिवृद्धि गरी निकासी गर्न सकेमा उत्पादक एवं निर्यात कर्तालाई अधिक मुनाफा मिल्न जाने छ ।

(२) देशको बढ्दो व्यापारघाटालाई न्युनीकरण गर्न प्रदेशस्तरमा निकासी सम्भाव्य वस्तुहरुको विकास र विस्तार हुन जरुरी छ ।

(३) नेपालले आयात गरिरहेका तर प्रदेशमा उत्पादन वृद्धि गर्न सकिने वस्तु तथा सेवाहरुको विकास र विस्तार हुन पनि आवश्यक देखिन्छ ।

(४) कर्णाली प्रदेशमा उत्पादन भई अन्य प्रदेशहरुमा पठाउन सकिने र ल्याउन सकिने वस्तुहरुको प्रभावकारी व्यवस्थापन हुन पनि जरुरी छ ।

(५) कर्णाली प्रदेशमा व्यापार एवं पर्यटन सम्वद्ध पूर्वाधारहरुको विकासमा ध्यान जानु पनि जरुरी छ ।

(६) निकासीजन्य, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको उत्पादनमा प्रदेश सरकारले प्रोत्साहन गर्दै त्यस्ता मालवस्तु तथा सेवाको संरक्षणको लागी आवश्यक व्यवस्था गर्नु पर्ने हुन जान्छ ।

(७) निकासी प्रवर्द्धनमा निकासीकर्ताहरुलाई समय समयमा अन्तर्राष्ट्रिय बजारको अवस्था, गुणस्तर मापदण्डहरु, लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ आदिको जानकारी उपलव्ध गराउने व्यवस्थाहरु गर्न जरुरी छ ।

(८) निकासीजन्य, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको विकास एवं विस्तारमा केन्द्र तथा प्रदेश सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

(९) संकलन केन्द्र एवं शितभण्डारणको स्थापना र त्यसको प्रभावकारी सञ्चालनमा प्रदेश सरकारको सहयोगको आवश्यकता देखिन्छ ।

(१०) खाद्य प्रशोधन उद्योगको विस्तार, विकास, स्तरोन्नत्तिका लागि आर्थिक, प्राविधिक तथा भौतिक पूर्वाधारमा प्रदेश सरकारको सहयोग आवश्यक देखिन्छ ।

(११) निकासी प्रवर्द्धनका लागि प्रदेशस्तरमा पनि प्रवर्द्धनात्मक संयन्त्रको स्थापना गर्नु पर्ने जरुरी देखिन्छ ।

(१२) अथाहा जलस्रोतको भण्डारण रहेको यस प्रदेशले उच्च हिमाली क्षेत्रबाट बग्ने नदी नालाहरुको पानीलाई प्रशोधन गरी निर्यात गर्न सकेमा पानीको आयात प्रतिस्थान भई निकासी वृद्धि हुन जाने देखिन्छ ।

## अनुसुची १ :

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको दस्तावेज २०७३/७४ मा उल्लेख भएका सुपर जोन, जोन र ब्लकहरु रहने कर्णाली प्रदेशअन्तर्गतका जिल्ला एवं उत्पादनहरुको विवरण

| सि.नं. | जिल्ला | सुपर जोन | जोन | ब्लक |
|---|---|---|---|---|
| १ | सुर्खेत | | अदुवा/बेसार | तरकारी, मकै/मकैको विउ |
| २ | दैलेख | | | सुन्तला जात, मकै/मकैको विउ |
| ३ | जाजरकोट | | | मकै/मकैको विउ, भटमास |
| ४ | कालिकोट | | | स्याउ, सिमी |
| ५ | डोल्पा | | | स्याउ, तरकारी |
| ६ | हुम्ला | | | स्याउ, सिमी |
| ७ | जुम्ला | स्याउ | | सिमी, आलु |
| ८ | मुगु | | | स्याउ, सिमी |
| ९ | रुकुम पश्चिम | | | स्याउ, तरकारी |
| १० | सल्यान | | अदुवा/बेसार | तरकारी, मकै/मकैको विउ |

## अनुसुची २ :

**वाणिज्यसँग सम्बन्धित नीतिहरु**

**वाणिज्य नीति २०६५**

नेपालको वाणिज्य नीति राष्ट्रिय अर्थतन्त्रमा बाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ वस्तु तथा सेवाहरुको विकास तथा प्रवर्द्धन गर्न तर्जूमा गरिएको छ ।

१ अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी तुल्याउने गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने अनुकूल वातावरणको सिर्जना गर्ने ।

२ आयातलाई निर्यात व्यापार वृद्धि उन्मूख गराउँदै विश्व बजारमा मूल्य अभिवृद्धियुक्त वस्तुको निकासी वढाई व्यापार घाटा कम गर्ने ।

३ वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ वनाई आय तथा रोजगारीका अवसर वढाउने र गरिवी घटाउन सहयोग पुऱ्याउने माध्यमको रुपमा उपयोग गर्ने ।

## वाणिज्य नीतिमा समावेश गरिएका वस्तु तथा सेवाहरु

| वाणिज्य नीति | |
|---|---|
| अदुवा/सुठा | अलैंची |
| ऊनी तथा गलैंचा | औषधि, औषधिजन्य जडिबुटी तथा सारयुक्त तेल |
| कार्पेट | कफी |
| च्याङ्ग्रा पश्मिना तथा रेशमजन्य वस्तुहरू | चिनी |
| चिया | जुत्ता |
| टेक्सटायल | तरकारी, तरकारीको बीउ |
| तयारी चाउचाउ | तयारी पोशाक |
| दुग्ध उत्पादन | प्रशोधित छाला |
| पश्मिना | पुष्प (फूल) |
| फलफूल | फलाम र इस्पातका वस्तुहरू |
| मह | दाल |
| सिमेन्ट | सुनचाँदीका गहना तथा बहुमूल्य रत्नपत्थर |
| हस्तकलाका वस्तुहरू | हाते कागज र सोको उत्पादन सेवा |
| इन्जिनियरिङ्ग | जलविद्युत |
| पर्यटन | शिक्षा |
| सूचना प्रविधि तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ्ग | स्वास्थ्य सेवा |
| श्रम शक्ति (दक्ष र अर्धदक्ष) | |

## अनुसुची ३ :

**नेपाल व्यापार एकीकृत रणनीति २०१६**

यस व्यापार रणनीतिले निम्नानुसारको समस्यालाई सुधार्नको लागि तर्जुमा गरिएको हो ।

१. व्यापारमा संगठानिक क्षमता बृद्धि तथा व्यापार सम्झौतामा क्षमता अभिबृद्धि ।

२. व्यापार तथा लगानीको वातावरण विकास गर्ने ।

३. व्यापार तथा पारवहनको सुधार गर्ने ।

४. गुणस्तर तथा प्राविधिक नियमण गर्ने ।

५. Sanitary तथा Phyto-sanitary नियमण गर्ने ।

६. बौद्धिक सम्पत्तिको अधिकार संरक्षण गर्ने ।

७. सेवा व्यापारको विषय विकास गर्ने ।

| **नेपाल व्यापार एकीकृत रणनीति (NTIS 2016)** | |
|---|---|
| **कृषिजन्य वस्तुहरु** | |
| अलैंची – HS 090830 | अदुवा - HS 091010 |
| चिया- HS 0902 | औषधीय तथा सारयुक्त तेलजन्य वस्तुहरु -1211 |
| **कलाजन्य तथा औधोगिक वस्तुहरु** | |
| All Fabrics, Textile, Yarn and Rope - HS 5509, 5407, 6305, | छाला - HS 4104, 4106 |
| जुत्ताचप्पल (Footwear) - HS 6404 | पशिमना - HS 6214 |
| गलैंचा - HS 5701 | |
| सेवाजन्य | |
| • दक्ष तथा अर्धदक्ष जनशक्ति, सूचना प्रविधी, BPO र पर्यटन | |

**अनुसुची ४ :**

## प्रतिवेदन तयार गर्ने क्रममा गरिएको भेटघाट/छलफल/अर्न्तक्रियाको झलक



माननीय मुख्य मन्त्रीज्यू सँग प्रदेश अध्ययनको जानकारीको सिलसिलामा श्रीमान् कार्यकारी निर्देशकज्यू सहितको टोलिले गरेको भेटघाट कार्यक्रम



प्रतिवेदन तयारी गर्ने सिलसिलामा सुर्खेत उद्योग वाणिज्य संघमा वस्तुगत संघ/संस्थाका पदाधिकारीहरुसँगको छलफल



प्रतिवेदन तयारी गर्ने सिलसिलामा जुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष सहितको पदाधिकारीहरु एवं जडिबुटि संघका पदाधिकारीहरुसँगको छलफल




प्रतिवेदन तयारीको क्रममा सुर्खेत स्थित रत्नपत्थर सम्बन्धि व्यावसायीहरुसँगको छलफल



प्रतिवेदन तयारीको क्रममा सुर्खेत स्थित जडिबुटी संघका अध्यक्ष सहितको पदाधिकारीहरुसँगको छलफल




प्रतिवेदन तयारीको क्रममा सुर्खेत स्थित प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष एवं जडिबुटी संघका अध्यक्ष सहितको पदाधिकारीहरुसँगको छलफल







प्रतिवेदन तयारीको क्रममा माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूको समुपस्थितिमा सुर्खेत स्थित प्रदेश उद्योग वाणिज्य महासंघ एवं विभिन्न वस्तुगत संघ/संस्थाका प्रतिनिधिहरु सहितको छलफल कार्यक्रम





प्रतिवेदन तयारीको क्रममा सुर्खेत स्थित प्रदेश उद्योग वाणिज्य महासंघ एवं विभिन्न वस्तुगत संघ/संस्थाका प्रतिनिधिहरु सहितको छलफल कार्यक्रम

**<u>सन्दर्भ सामाग्रीहरु :</u>**

*Statistical Information on Nepalese Agriculture, 2073/74, 2074 BS, Ministry of Agriculture and Livestock, Kathmandu*

*Mineral Resources of Nepal, 2017, Department of Mines and Geology, Kathmandu*

*Annual household survey 2015/16, 2016, Central Bureau of Statistics, Kathmandu Nepal*

*Industrial Survey 2011/12, 2012, Central Bureau of Statistics, Kathmandu Nepal*

*Regional (Provincial) National Accounts, 2019, Central Bureau of Statistics, Kathmandu Nepal*

*Nepal Electicity Authority 2075*

*Nepal Rastra Bank*

*Ministry of Tourism*

**Web site visited**

*www.trademap.org*

*www.macmap.org*

*www.wikipedia.com*

http://www.worldsrichestcountries.com/top_mango_importers.html )